नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

धवलले नयाँ पार्टी खोल्ने, दुर्गा प्रसाईंलाई वरिष्ठ नेताको प्रस्ताव

समाचार पृष्ठ ८ मा



वर्ष ४ | अंक १९४ | २०८३ साल जेष्ठ १९ गते मंगलबार | Tuesday 02, June 2026 | सूर्योदय: बिहान ०५:११ बजे | सूर्यास्त: साँझ ०६:५५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेश सरकारको नीति तथा कार्यक्रम स्पष्ट नभएको आरोप




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम अस्पष्ट र दिशाहीन रहेको टिप्पणी गरेका छन्।

सोमबार बसेको प्रदेशसभा बैठकमा सभामुख रामअशिष यादवले नीति तथा कार्यक्रममा संशोधन दर्ता गराएका सदस्यहरूलाई धारणा राख्न समय दिएका थिए। त्यसक्रममा जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेशसभा सदस्यसमेत रहेका राउतले नीति तथा कार्यक्रममा सबै विषय समेटिए पनि स्पष्ट योजना र प्राथमिकता नदेखिएको बताए।

'यसपालिको नीति तथा कार्यक्रममा सबै कुरा राखिएको जस्तो देखिन्छ, तर के गर्ने भन्ने स्पष्ट छैन,' उनले भने, 'यदि कसैले बुझ्नुभएको छ भने प्रस्तुत गरिदिनु होला, मैले त बुझ्न सकेको छैन।'

राउतले संघीयता कार्यान्वयनका विषयमा ठोस प्रतिबद्धता अपेक्षा गरेको भए पनि नीति तथा कार्यक्रममा त्यससम्बन्धी स्पष्ट योजना नसमेटिएको गुनासो गरे। विशेषगरी प्रहरी प्रशासनलाई प्रदेश मातहत ल्याउने विषयमा सरकार गम्भीर नदेखिएको उनको भनाइ थियो ।उनले स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनलाई प्राथमिकतामा राखिएको उल्लेख गरिए पनि प्रादेशिक अस्पताल सुदृढीकरणका लागि के योजना छ भन्ने स्पष्ट नभएको बताए। साथै प्रदेशसभा सदस्यहरूकालागि आवास सुविधा आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि आवश्यक जग्गा पहिचान भइसकेको जानकारी दिए।

पूर्वमुख्यमन्त्री राउतले जानकी मन्दिर, छिन्नमस्ता भगवती मन्दिर, गढीमाई मन्दिर लगायत धार्मिकस्थलको संरक्षण र प्रवर्द्धनका लागि विशेष बजेट व्यवस्था गर्न पनि माग गरे।

त्यसैगरी जसपा नेपालकै प्रदेशसभा सदस्य अनिरुद्ध कुमार सिंहले आन्दोलनका क्रममा घाइते भएकाहरूको अवस्थाबारे राज्य गम्भीर नभएको बताए। उनले हरेक वर्ष उनीहरूको स्वास्थ्यलाभको कामना गरिए पनि वास्तविक सहयोग र पुनःस्थापनाका कार्यक्रम प्रभावकारी नभएको टिप्पणी गरे।

शिक्षा क्षेत्रबारे बोल्दै उनले शिक्षक तालिमको कुरा मात्र उल्लेख गरेर नहुने भन्दै पहिला विद्यालयमा रहेको शिक्षक अभाव पूर्ति गर्न दरबन्दीअनुसार भर्ना गर्नुपर्ने बताए।

जनमत पार्टीका प्रदेशसभा सदस्य शम्भुकुमार साहले प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा समान रूपमा बजेट विनियोजन हुनुपर्ने माग गरे । मुख्यमन्त्री, अर्थमन्त्री तथा दलका नेताहरूले आफ्नै क्षेत्रमा बढी बजेट केन्द्रित गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उनको भनाइ थियो।

अर्का संशोधनकर्ता प्रमोद कुमार यादवले सिरहा र धनुषा जोड्ने कमला नदीको पुल भासिँदा करिब १२ लाख नागरिक प्रभावित भएको उल्लेख गर्दै पुल निर्माण सुनिश्चित गर्न सरकारलाई आग्रह गरे। उनले पुल निर्माणका लागि मधेश सरकारले यसअघि चारबुँदे सम्झौता गरिसकेको भन्दै त्यसको कार्यान्वयनमा जोड दिए।

प्रदेशसभा सदस्य प्रमोदकुमार जैसवालले २७ पृष्ठ लामो नीति तथा कार्यक्रममा केही सकारात्मक विषय समेटिए पनि नयाँ नाराको नाममा विगतका राम्रा कार्यक्रमलाई निरन्तरता नदिइएको टिप्पणी गरे । उनले अघिल्ला सरकारले थालेका प्रभावकारी कार्यक्रमलाई पनि समेटेर अघि बढ्नुपर्ने सुझाव दिए।

## मुख्यमन्त्री र मन्त्री उत्पादन कारखानामा सीमित मधेश सरकार

मुलुकमा संघीय संरचना लागू भएको करिब ८–९ वर्षको अवधिमा मधेश प्रदेशले विभिन्न दलका ६ जना मुख्यमन्त्री र ९५ जना मन्त्री पाइसकेका छन् । प्रदेश प्रमुखको कार्यालयका अनुसार यही अवधिमा राज्यमन्त्रीसहित कुल ९५ जना मन्त्री नियुक्त भइसकेका छन्।

बारम्बार सरकार परिवर्तन र मन्त्रिपरिषद् पुनर्गठनका कारण प्रदेशमा स्थायित्व कायम हुन सकेको छैन। यसले विकास, सेवा प्रवाह तथा नीति–कार्यक्रम कार्यान्वयनमा समेत असर परेको गुनासो बढ्दो छ ।

पूर्वमुख्यमन्त्री सरोजकुमार यादवका अनुसार प्रदेशसभामा कुनै दलको स्पष्ट बहुमत नहुँदा र केन्द्रको राजनीतिक समीकरणको प्रभावले सरकार बारम्बार परिवर्तन हुने गरेको छ। अर्का पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले भने सरकार अस्थिरताको मुख्य कारण जनमत पार्टीको भूमिकालाई ठहर गरेका छन्।

हाल नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादव मधेश प्रदेशका छैटौँ मुख्यमन्त्रीका रूपमा कार्यरत छन्। २०८२ मंसिर १९ गते नियुक्त भएका उनले हालै १२ सदस्यीय मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । उनको कार्यकालमै हालसम्म १७ जना प्रदेशसभा सदस्य मन्त्री बनिसकेका छन्।

राजनीतिक विश्लेषकहरूका अनुसार केन्द्रमा हुने गठबन्धन फेरबदलको प्रत्यक्ष प्रभाव प्रदेश सरकारमा पर्ने भएकाले मधेश प्रदेशमा अस्थिरता बढ्दै गएको हो । समग्रमा, संघीयताको उद्देश्यअनुसार प्रदेशलाई सशक्त बनाउने लक्ष्य भए पनि मधेश प्रदेशमा भने राजनीतिक अस्थिरता अझै कायम रहँदा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

## सवारी दुर्घटना नियन्त्रण राष्ट्रिय प्राथमिकतामा राख्न जोड

*नेपालमा पछिल्लो समय भएका २५ हजारभन्दा बढी सडक दुर्घटनामा २,२७५ जनाले ज्यान गुमाएका छन्, जसअनुसार औसतमा दैनिक ८ जनाको मृत्यु र १३७ जना घाइते हुने गरेको डरलाग्दो तथ्य छ। देशभर ६६ लाखभन्दा बढी सवारी साधन पुग्दा पनि कमजोर सडक पूर्वाधार र सीमित जनशक्ति मुख्य चुनौती बनेकाले, मधेश प्रदेश सरकारले २ करोड २५ लाख बजेटसहित सचेतना अभियान सुरु गरेको छ; र अब सडक दुर्घटना न्यूनीकरणका लागि 'रोड सेफ्टी: सबैको जिम्मेवारी' भन्ने नारालाई व्यवहारमै लागू गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालमा सवारी दुर्घटनाको समस्या अझै गम्भीर सार्वजनिक चुनौतीका रूपमा रहेको तथ्याङ्कले देखाएको छ । पछिल्लो अवधिमा देशभर २५ हजार ८ सय ११ सवारी दुर्घटना हुँदा २ हजार २ सय ७५ जनाले ज्यान गुमाएका छन् भने ४० हजार ९ सय ६० जना घाइते भएका छन् । औसतमा दैनिक आठ जनाको मृत्यु र एक सय ३७ जना घाइते हुने गरेको तथ्य सार्वजनिक भएपछि सडक सुरक्षालाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्ने माग बलियो बनेको छ।

नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गतको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाले पथलैया, बाराको सहकार्यमा आयोजना गरेको 'ट्राफिक व्यवस्थापन समीक्षा गोष्ठी'मा सहभागीहरूले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्र दायित्व नभई सरकार, स्थानीय तह, चालक, यात्रु र आम नागरिक सबैको साझा जिम्मेवारी भएको बताएका छन्।

गोष्ठीका प्रमुख अतिथि तथा मधेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले सडक दुर्घटनाले हरेक वर्ष हजारौँ नेपाली परिवारलाई पीडामा पुऱ्याइरहेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि व्यवहारिक र दीर्घकालीन कार्यक्रम आवश्यक रहेको बताए। उनले नेपालमा हरेक वर्ष करिब २ हजार ५ सय नागरिकले दुर्घटनामा ज्यान गुमाइरहेको उल्लेख गर्दै यसलाई गम्भीर मानवीय संकटको रूपमा लिनुपर्ने धारणा राखे।

मन्त्री महतोले सडक सुरक्षा प्रवर्द्धनका लागि कानूनी व्यवस्था मात्र पर्याप्त नहुने भन्दै प्रभावकारी कार्यान्वयन र जनचेतना अभियानलाई सँगसँगै अघि बढाउनुपर्ने बताए। उनले मधेश प्रदेश सरकारले विद्यालय तहदेखि नै सडक सुरक्षा शिक्षा विस्तार गर्ने नीति लिएको जानकारी दिँदै चालु वर्ष ट्राफिक सचेतना तथा सडक सुरक्षा कार्यक्रमका लागि २ करोड २५ लाख रुपैयाँ बजेट छुट्याइएको बताए । मधेशको श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले देशभर सवारी साधनको संख्या तीव्र रूपमा बढिरहेको भए पनि सडक पूर्वाधार त्यसअनुसार विस्तार हुन नसकेको बताइन् । उनका अनुसार हाल नेपालमा दर्ता भएका सवारी साधनको संख्या ६६ लाख ७० हजार ६ सय ३८ पुगेको छ ।उनले सडकको चौडाइ, सुरक्षित पार्किङ, पैदल यात्रुका लागि आवश्यक संरचना तथा आधुनिक ट्राफिक प्रविधिको अभावका कारण दुर्घटना जोखिम बढिरहेको उल्लेख गरिन् । चालक अनुशासन, सार्वजनिक यातायात सुधार र प्रविधिमैत्री ट्राफिक व्यवस्थापनलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको पनि उनले बताइन्।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलियाले सीमित स्रोत–साधनका बीच ट्राफिक प्रहरीले काम गरिरहेको बताए। उनका अनुसार ट्राफिक प्रहरीतर्फ स्वीकृत दरबन्दी २ हजार ७ सय ७० मात्र रहे पनि हाल ४ हजार ४ सय १२ जना कार्यरत छन्, जुन स्वीकृत संख्याभन्दा करिब ५९ प्रतिशत बढी हो।

उनले नेपाल प्रहरीको कुल दरबन्दीमध्ये ट्राफिक प्रहरीको हिस्सा ३ दशमलव ५ प्रतिशत मात्र रहेको भन्दै बढ्दो सवारी चाप र सडक सञ्जाललाई हेर्दा जनशक्ति अझै अपर्याप्त रहेको बताए।

नेपाल प्रहरी प्रधान कार्यालय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारीले ट्राफिक व्यवस्थापनलाई आधुनिक र प्रविधिमैत्री बनाउन विभिन्न प्रणाली लागू गरिएको जानकारी दिए ।उनका अनुसार हाल ७७ जिल्लाका २ सय २८ स्थानमा ट्राफिक भायोलेन्स रेकर्डिङ सिस्टम सञ्चालनमा रहेको छ भने ४१ स्थानमा डबल ड्राइभर निगरानी प्रणाली लागू गरिएको छ । साथै, ६६ मध्ये ४९ वटा एएनपीआर क्यामेरा सञ्चालनमा छन्।

एसएसपी तिवारीले देशभरका सडकमा रहेका ४ सय १ दुर्घटना जोखिमयुक्त 'ब्ल्याक स्पट' पहिचान गरी म्यापिङ गरिएको जानकारी दिँदै ती स्थान सुधारका लागि सम्बन्धित निकायलाई सुझाव पठाइएको बताए।

उनले ट्राफिक प्रहरीका लागि स्वीकृत ७ सय ७९ कार्यालयमध्ये १ सय ४४ स्थायी र ६ सय ३५ अस्थायी संरचनाबाट सेवा सञ्चालन भइरहेको जानकारी दिए। सातै प्रदेशमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सक्रिय रहे पनि भौतिक पूर्वाधार र आधुनिक प्रविधिको अभाव अझै चुनौतीका रूपमा रहेको उनको भनाइ थियो।

गोष्ठीमा सहभागी वक्ताहरूले 'रोड सेफ्टी ः रेस्पोन्सिबिलिटी अफ अल' भन्ने नारालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका थिए। उनीहरूले चालक प्रशिक्षण, विद्यालयस्तरीय सचेतना, सडक पूर्वाधार सुधार, प्रविधिको प्रयोग, कानूनको कडाइका साथ कार्यान्वयन तथा स्थानीय तहको सक्रिय सहभागितामार्फत मात्रै सडक दुर्घटना न्यूनीकरण सम्भव हुने निष्कर्ष निकाले ।सहभागीहरूले सडक दुर्घटनालाई ट्राफिक नियम उल्लंघनको सामान्य विषयका रूपमा नभई सार्वजनिक स्वास्थ्य, आर्थिक विकास र सामाजिक सुरक्षासँग जोडिएको राष्ट्रिय मुद्दाका रूपमा लिनुपर्ने बताएका छन्।

## बजेटमा नयाँ कमला पुल नपरेपछि संघर्ष समिति फेरि आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
आगामी आर्थिक वर्ष २०८३÷८४को संघीय बजेटमा नयाँ कमला पुल निर्माणकालागि रकम विनियोजन नभएपछि नयाँ कमला पुल निर्माण संघर्ष समिति पुनः आन्दोलनमा उत्रिएको छ । समितिले सोमबार मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवलाई ज्ञापनपत्र बुझाउँदै पुल निर्माण प्रक्रिया तत्काल अघि बढाउन माग गरेको हो।

संघर्ष समितिका सदस्यहरूले प्रदेशसभा परिसरमा विरोध प्रदर्शन गर्दै संघीय सरकारले पूर्व सहमति विपरीत बजेट व्यवस्था नगरेको भन्दै असन्तुष्टि जनाएका छन्।

समितिका संयोजक इन्जिनियर प्रविण यादवले संघीय सरकारसँग भएको समझदारीअनुसार पुल निर्माणका लागि बजेट सुनिश्चित हुने अपेक्षा गरिएको भए पनि बजेटमा कुनै रकम नछुट्याइएकाले आन्दोलनमा उत्रिन बाध्य भएको बताए।

उनका अनुसार नयाँ कमला पुल निर्माणका विषयमा संघर्ष समिति र मधेश प्रदेश सरकारबीच यसअघि भएको सहमतिअनुसार आर्थिक वर्ष २०८३÷८४ को संघीय बजेटमार्फत आवश्यक रकम उपलब्ध गराउन पहल गर्ने समझदारी भएको थियो।

त्यस्तै, संघीय सरकारले बजेट उपलब्ध नगराए मधेश प्रदेश सरकारले आफ्नै स्रोतबाट पुल निर्माणको सम्पूर्ण लागत व्यहोर्ने तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीका लागि बोलपत्र आह्वान गर्ने सहमति पनि भएको उनले बताए । तर संघीय बजेटमा पुल निर्माणका लागि कुनै व्यवस्था नगरिएपछि प्रदेश सरकारलाई आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्न दबाब दिन प्रदेशसभामार्फत ध्यानाकर्षण गराइएको संयोजक यादवको भनाइ छ।

सभामुख यादवलाई बुझाइएको ज्ञापनपत्रमा संघीय सरकारले बजेट नदिएको अवस्थामा मधेश प्रदेश सरकारले आफ्नै स्रोतबाट आवश्यक बजेट सुनिश्चित गरी निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन माग गरिएको छ। मागप्रति बेवास्ता गरिए थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने चेतावनी पनि संघर्ष समितिले दिएको छ।

सिरहा र धनुषा जिल्लालाई जोड्ने प्रस्तावित नयाँ कमला पुल वर्षौंदेखि स्थानीयवासीको प्रमुख मागका रूपमा रहँदै आएको छ। पुल निर्माण सम्पन्न भए दुई जिल्लाबीचको आवागमन सहज हुनुका साथै आर्थिक, सामाजिक तथा व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने स्थानीयवासीको विश्वास छ।

संघर्ष समितिले अब आश्वासनभन्दा बढी कामको सुरुवात आवश्यक रहेको उल्लेख गर्दै सरकारलाई शीघ्र निर्णय गरी निर्माण प्रक्रिया अघि बढाउन आग्रह गरेको छ।

## रास्वपा वीरगंजको नेतृत्वमा पटेल

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) वीरगंज महानगरको सभापतिमा दिपराज पटेल विजयी भएका छन् । उनले प्रतिद्वन्दी अमन आलमलाई पराजित गर्दै विजयी भएका हुन् । पटेलले २ सय २६ मत ल्याउँदा आलमले १ सय ७९ मत ल्याए।

त्यस्तै, उपसभापतिमा परितोष कुमार द्विवेदी विजयी भएका छन्। उनले १ सय ८४ मत ल्याए भने निखिल वर्णवाल १ सय ७६ मत र बिशाल कुमार पटेलले २९ ल्याए। सचिवमा गौतम कुमार श्रेष्ठ २ सय ३२ मतसहित विजयी भए, उनको प्रतिद्वन्द्वी जुनैद अन्सारीले १ सय ६६ मत ल्याए । सहसचिवमा मुना साह तेली १ सय ८८ मतसहित विजयी हुँदा उनको निकटतम प्रतिद्वन्द्वी राजनन्दन प्रसाद कलवारले १ सय ७१ मत र अर्का उम्मेदवार ऋषिकेश गुप्ताले ४५ मत पाए। सदस्यहरुमा रंजित कुमार पटेल, प्रमोद कुमार पटेल, आजम मंसुरी, जितेन्द्र प्रसाद सोनार, अर्जुन पटेल,



राजेश प्रसाद सोनार, मोहन साह सोनार, चन्दन महतो, दिपक ठाकुर, आलम अन्सारी, कन्हैया साह, पिंकी कुमारी साह, अन्जु चौरसिया, पुर्णिमा शर्मा, राज्दा खातुन, साबित्री घिमिरे, बिना देवी, शोभा गुप्ता, दिपसना गिरी लगायत विजयी भएका छन् । महानगरको नेतृत्व चयनका लागि मतदाता ४ सय ८४ रहेकामा ४ सय ८३ मत खसेको प्रमुख निर्वाचन अधिकृत तुलसा अधिकारी पौडेलले जानकारी दिइन्।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीको कलैया उपमहानगर समितिको सभापतिमा उमाशंकर रौनियार विजयी भएका छन् । सम्पन्न निर्वाचनमा उमा शंकर रौनियार १ सय २४ मत पाएका थिए भने चार जना उम्मेदवारमा उनका निकटतम प्रतिद्वन्द्वी बब्लु गिरि गोसाईले ८३ मत, सुरेन्द्र शर्माले ६७ र अभिषेक पटेलले २ मत प्राप्त प्राप्त गरेका थिए।

# खाद्यबाली प्रवर्द्धनका लागि नौ पालिकासँग सम्झौता

**चितवन।**
राष्ट्रिय प्रकृति संरक्षण कोष, गण्डकी जलाधार जलवायु उत्थानशील आयोजनाअन्तर्गत कोष र स्थानीय सरकारबीच जलवायु उत्थानशील खाद्यबालीको प्रदर्शन तथा प्रवर्द्धनका लागि सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ।

सौराहास्थित जैविक विविधता संरक्षण केन्द्रमा सोमबार आयोजित कार्यक्रममा चितवन, मकवानपुर र नवलपुरका नौ स्थानीय तहसँग सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । आयोजनामार्फत जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै खाद्य सुरक्षामा योगदान पु¥याउने लक्ष्य राखिएको छ।

कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा. चीरञ्जीवी प्रसाद पोखरेलले जलवायु परिवर्तनका कारण नेपालले प्रत्यक्ष असर भोग्नुपरेको उल्लेख गर्दै खाद्य सुरक्षाका लागि प्रमाणित बीउविजनको प्रवद्र्धन आवश्यक रहेकामा जोड दिए।

कृषि क्षेत्रमा बढ्दो जोखिमलाई सामना गर्न तथा जलवायु परिवर्तनका चुनौतीसँग जुध्न यस्ता कार्यक्रम प्रभावकारी हुने उनले विश्वास व्यक्त गरे। डा. पोखरेलले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने साझेदार संस्थाप्रति आभार व्यक्त गरे।

राष्ट्रिय प्रकृति संरक्षण कोषका जलवायु परिवर्तन विभाग प्रमुख डा मनीषराज पाण्डेले आयोजनाको उद्देश्यबारे जानकारी गराउँदै परम्परागत जल व्यवस्थापन अभ्यासलाई तथ्यमा आधारित जलवायु उत्थानशील योजना निर्माणसँग जोड्ने प्रयास भइरहेको बताए।

उनले जलवायु परिवर्तनका प्रभावसँग अनुकूलन गर्दै दिगो कृषि प्रणाली विकासमा आयोजना केन्द्रित रहेको उल्लेख गरे।

नेपाल जलवायु सङ्कटको अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै डा. पाण्डेले तापक्रम वृद्धिको असर विभिन्न क्षेत्रमा देखिन थालेको बताए। देशको करिब ८० प्रतिशत भूभाग पहिरोबाढी, खडेरी तथा अन्य विपद्को जोखिममा रहेको जानकारी दिँदै उनले जलवायु वित्तका लागि ठूलो आवश्यकता भए पनि उपलब्ध स्रोत सीमित रहेको बताए।

सार्वजनिक तथा सरकारी लगानीले मात्र जलवायु चुनौती सम्बोधन गर्न सम्भव नभएको उल्लेख गर्दै विभाग प्रमुख डा. पाण्डेले अन्तरराष्ट्रिय जलवायु वित्तको आवश्यकता औँल्याए । अन्तरराष्ट्रिय कोषहरू उपलब्ध भए पनि जटिल प्रक्रिया र संस्थागत क्षमताको अभावका कारण प्रभावकारी उपयोगमा चुनौती रहेको उनको भनाइ छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले विश्वव्यापी जलवायु वित्त र स्थानीय आवश्यकताबीच रणनीतिक पुलको भूमिका निर्वाह गरिरहेको डा. पाण्डेले बताए । गण्डकी जलाधार जलवायु उत्थानशील आयोजनाको मुख्य लक्ष्य दिगो जलाधार व्यवस्थापनको अवधारणालाई मूलप्रवाहीकरण तथा कार्यान्वयन गर्नु रहेको उनले स्पष्ट पारे।

आयोजनाको कार्यक्षेत्र गण्डकी जलाधार अन्तर्गतका बडीगाड, बुढीगण्डकी, कालीगण्डकी, सेती–मादी, मस्र्याङ्दी, त्रिसूली र राप्ती नदी प्रणालीमा फैलिएको छ।

कायक्रममा अन्तरराष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसीएन) नेपालका आयोजना टोली प्रमुख ज्ञानेन्द्र मिश्रले स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी कार्यान्वयन र स्थानीय स्वामित्व सुनिश्चित हुने बताए।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति चितवन राष्ट्रिय निकुञ्जका अध्यक्ष शिवजी गायकलगायतले जलवायु सङ्कट र न्यस्नीकरणका सम्बन्धा आ–आफ्नो धारणा राखेका थिए । जैविक विविधता संरक्षण केन्द्र सोराहका प्रमुख राजकुमार गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति थियो।

आयोजनाअन्तर्गत जलवायु उत्थानशील उच्चस्तरीय धान, गहुँ र तोरीका बीउ, जैविक मल तथा जैविक विषादी कृषकलाई सहज रूपमा उपलब्ध गराइ गुणस्तरीय बीउ उत्पादन तथा प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

हरित जलवायु कोषको वित्तीय सहयोगमा सञ्चालित यस आयोजनाले पहिचान गरिएका जलवायु उत्थानशील धान, गहुँ वा तोरीका जातलाई १५० हेक्टर क्षेत्रफलमा एक बाली सिजनका लागि प्रवद्र्धन गर्ने लक्ष्य राखेको छ । कार्यक्रममा साना किसान कृषि सहकारी संस्था, सामुदायिक बीउ बैंक तथा बीउ उत्पादक समूहको सहभागिता रहने जनाइएको छ।

आयोजनामा चितवनका भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका, माडी नगरपालिका, मकवानपुरको हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिका तथा नवलपुरका कावासोती नगरपालिका र मध्यविन्दु नगरपालिका सहभागी छन् । पालिकाहरूसँग ४३ लाख रुपैयाँदेखि ६० लाख रुपैयाँसम्मको सम्झौता गरिएको जलवायु परिवर्तन विभाग प्रमुख डा. पाण्डेले जानकारी दिए। रासस

# ऊर्जा क्षेत्रमा नयाँ अभ्यासः सार्वजनिक– निजी साझेदारीमा प्रसारण लाइन

**काठमाडौँ।**
पश्चिम नेपालमा निर्माण हुने ठूला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्नका लागि सार्वजनिक–निजी साझेदारी अवधारणामा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुने भएको छ।आयोजना कार्यान्वयनका लागि ‘वेस्ट सेती ट्रान्समिसन लिमिटेड’ नामक कम्पनी स्थापना भएको छ । करिब २० अर्ब रुपैयाँ लागतअनुमान गरिएको आयोजनामा ३० प्रतिशत पूजी र ७० प्रतिशत ऋण लगानीबाट जुटाइनेछ ।राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको सञ्चालक समितिले लगानी संरचना स्वीकृत गरेसँगै कम्पनी दर्ता प्रक्रिया पूरा भएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कम्पनीका संस्थापक साझेदारलाई सम्बोधन गर्दै ऊर्जा उत्पादनमा निजी क्षेत्रले पु¥याउँदै आएको योगदान अब प्रसारण पूर्वाधार विकासमा विस्तार भएको बताए।

उनले प्रसारण लाइनलाई ऊर्जा क्षेत्रको ‘लाइफ लाइन’को सङ्ज्ञा दिँदै यस्तो साझेदारीले ऊर्जा क्षेत्रमा नयाँ युगको सुरुआत गर्ने विश्वास व्यक्त गरे । ‘सहभागितामूलक विकास लोकतन्त्रको अभ्यास पनि हो । प्रसारण लाइनमा निजी क्षेत्रसँगको सहकार्य नेपालका लागि नयाँ अभ्यास भएकाले सरकारले यसलाई प्रोत्साहन गर्नेछ,’ मन्त्री श्रेष्ठले भने ।विद्युत् खरिद बिक्री सम्झौतासम्बन्धी समीक्षा प्रक्रिया जारी रहेको जानकारी दिँदै उनले प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय गरिने बताए।

ऊर्जा क्षेत्रमा दिगो र विश्वसनीय आपूर्ति सुनिश्चित भए मुलुकको अर्थतन्त्रले नयाँ गति लिने र सुदूरपश्चिमको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने उनको भनाइ थियो। आयोजनाको सफल कार्यान्वयनका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री श्रेष्ठले समस्या समाधान गर्न सरकार तयार रहेको बताए। ‘निजी क्षेत्रले जोखिम मोलेर अघि बढेको छ । आयोजना सफलतापूर्वक सम्पन्न गर्न सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्दैन’ उनले भने।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले जग्गा प्राप्ति, ‘राइट अफ वे’ तथा वन क्षेत्रको स्वीकृतिपछि निर्माण कार्य तीव्र रूपमा अघि बढाइने जानकारी दिए । त्यसका लागि आवश्यक तयारी सुरु भइसकेको उनले बताए।

कम्पनीका साझेदार समृद्धि इनर्जी लिमिटेडका अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोजनालाई ऊर्जा क्षेत्रको ‘गेम चेन्जर’ परियोजनाको सङ्ज्ञा दिँदै दीर्घकालीन महत्वका कारण निजी क्षेत्र लगानी गर्न उत्साहित भएको बताए।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले रणनीतिक दृष्टिले पनि आयोजना अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे । कम्पनीको सेयर संरचनाअनुसार सरकारी पक्षको ५१ प्रतिशत स्वामित्व रहनेछ । यसअन्तरगत राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको २६ प्रतिशत, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत र चैनपुर सेती हाइड्रोपावर कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत लगानी रहनेछ। रासस


## “नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था”

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख कार्यलय,गितामन्दिर रोड , वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८२/१०/१४ँ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८३/०१/०३ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने ,दास्रो पटक मिति २०८३/०१/२५ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८३/०२/२६ गते मंगलवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

### तपसिल

**१)ऋणीको नाम, ठेगाना**

१) उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ ग र सोही ऐनको दफा ५ अनूसार घरेलु/साना उद्योग अन्तर्गत सोहि ऐनका दफा १० बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा,विरगंजमा दर्ता मिति २०७३/०२/०६ गते दर्ता भै घ. तथा सा.उ.का. ८०६०/०७२/०७३, अन्तर्गत दर्ता कायम भई पचरुखी वडा नं. ०२, पर्सामा कार्यालय रहेको **भागमती माछापालन फर्म (प्रोप्राइटर- नन्दलाल साह कलवार)**।

२) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**।

**कर्जाको प्रकार:- गाडि कर्जा, आवधिक कर्जा, अधिविकर्ष कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **२२१** को जम्मा क्षेत्रफल १-१६-१४-० (**बि-क-ध-क**)(**१२४२७.७३ वर्ग मिटर**) को घर जग्गा।

२) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा सिर्सिया ख.टो. वडा नं ९ स्थित किता नं **१६६** को जम्मा क्षेत्रफल **५७८.३४ वर्ग मिटर** को घरजग्गा।

३) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **१२ र १२३** को जम्मा क्षेत्रफल क्रमश: **१-१५-१३ र ०-७-१०** (**बि-क-ध-क**) को घरजग्गा।

२) च्यासिस नं **MAT466420G1R12246** र इन्जन नं **61E63516817** रहेको TATA MOTORS को मोडल LTP 3118 TC/56 (2016) को गाडि(ट्रक) नं **NA 6 KHA 6286.**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ता :**

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**।

२) जादो लाल साह कलवारको नाति, रामचन्द्र प्रसाद कलवारको छोरा, जिल्ला पर्सा श्रीसिया खल्वाटोला वडा नं. ०९ मा बस्ने (ना.प्र.न.३४१०७५/२७९,जारी मिति २०६७/०७/१०, पर्सा) बर्ष ३२ को **नन्दलाल साह कलवार**।

३) रामचन्द्र प्रसाद कलवारकी बुहारी, **नन्दलाल साह कलवार**की पत्नी जिल्ला पर्सा, बिरगंज वडा नं. २५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१२५७०,जारी मिति २०७०/११/१४ जि.प्र.का. पर्सा) बर्ष ३० की **चाँदनी कुमारी**।

४) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवार।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्ती अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ जेठ २५ गते सोमबार दिउँसो ४:०० बजे सम्म।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ जेठ २६ गते मंगलबार दिउँसो ४:०० बजे देखि।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज। टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही)।


# न्यायसम्पादनमा इमान्दारीपूर्वक लाग्न प्रधान न्यायाधीशको २१ बुँदे निर्देशन



**काठमाडौँ।**
प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले उच्च अदालतका मुख्य न्यायाधीश तथा जिल्ला अदालतका प्रमुख न्यायाधीशलाई न्यायसम्पादनमा इमान्दारपूर्वक लाग्न २१ बुँदे निर्देशन दिएका छन्।

आम नागरिकले न्यायपालिकाबाट स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय र प्रभावकारी न्यायसम्पादन तथा सुशासनयुक्त न्याय प्रशासनको अपेक्षा राखेकाले न्यायालयप्रतिको जनआस्था कायम राख्न समर्पणभाव, जिम्मेवारीबोध, लगनशीलता र इमान्दारिताका साथ कार्य गर्न उनले निर्देशन दिएका हुन्।

प्रधानन्यायाधीश शर्माले वर्तमान समयमा जनताको चाहनाअनुसार राज्यका सबै निकायले सुशासन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने र प्रविधिको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई छिटो, सहज तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको बताए।

न्यायपालिकाले तयार गरेको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना तथा गत वर्ष भदौ २३ र २४ गतेको घटनापछि तयार गरिएको सङ्कट व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत न्यायपालिकाप्रति जनताको विश्वास र आस्था कायम राख्नुपर्ने उनको जोड छ।

निर्देशनमा रणनीतिक योजना र कार्ययोजनालाई सुधारको आधार बनाउने, बक्यौता मुद्दा न्यूनीकरण गर्ने, मुद्दा प्रवाह व्यवस्थापन प्रभावकारी बनाउने, पेशी, कजलिस्ट तथा इजलास व्यवस्थापन सुधार गर्ने, विकृति, विसङ्गति र अनियमितताप्रति शून्य सहनशीलता अपनाउने तथा सुशासनसम्बन्धी प्रतिवेदन प्रणालीलाई सुदृढ बनाउन भनिएको छ।

गुनासो सुनुवाइका प्रभावकारी संयन्त्र सञ्चालन गर्ने, नागरिक बडापत्र, सूचना कक्ष तथा सेवाग्राहीमैत्री व्यवहारलाई प्रभावकारी बनाउने, म्याद तामेली व्यवस्थित गर्ने, सूचना प्रविधिको प्रयोग बढाउने, अनलाइन बहस, ‘भिडियो कन्फरेन्सिङ’ तथा ‘लाइभ स्ट्रिमिङ’को उपयोग विस्तार गर्ने, स्वचालित पेशी–तारेख प्रणाली र पारदर्शितालाई संस्थागत गर्ने तथा फैसला लेखन र कार्यान्वयनलाई तीव्रता दिन निर्देशन दिइएको छ।

प्रधानन्यायाधीश शर्माले पीडितमैत्री न्याय र क्षतिपूर्तिसहितको न्याय सुनिश्चित गर्ने, मेलमिलाप तथा विवाद समाधानका वैकल्पिक उपायलाई प्रभावकारी बनाउने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, बयान, बकपत्र र प्रमाण परीक्षणमा न्यायाधीशको निगरानी सुनिश्चित गर्ने, वित्तीय अनुशासन कायम गर्ने, बजेटको प्राथमिकताका आधारमा पारदर्शी खर्च सुनिश्चित गर्ने तथा न्यायाधीश र कर्मचारीको आचरण, उपस्थिति, सुरक्षा र जनआस्था अभिवृद्धिमा विशेष ध्यान दिन निर्देशन दिएका छन्। रासस

## पद मोहको राजनीतिले रास्वपा बारागढीमा भाँडभैलो,

# सभापति विवादले अधिवेशन संकटमा

**हरिशंकर शर्मा**
**बारागढी।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बारागढी गाउँपालिका स्तरीय अधिवेशन नेतृत्व विवादका कारण भाँडभैलो मच्चिएको छ। जेठ १७ गते सम्पन्न हुने तय भएको पालिकास्तरीय अधिवेशन तत्कालीन सभापति शनि जयसवाल पुनः सभापति पदमै उम्मेदवार बनेपछि भाँडभैलोमा परिणत भएको हो।



पार्टीको नेतृत्व चार वर्षदेखि सम्हाल्दै आएका जयसवालले पुनः सभापतिमा दाबी गरेपछि वडास्तरीय सभापतिहरू, पदाधिकारी तथा कार्यकर्ताहरूले कडा असन्तुष्टि जनाएका छन् । नेतृत्व हस्तान्तरण गरी नयाँ पुस्तालाई अवसर दिनुपर्ने माग राख्दै कार्यकर्ताहरूले विरोध जनाएपछि अधिवेशनस्थलमै विवाद चर्किएको थियो । दिनभरि सहमतिको प्रयास भएपनि कुनै निष्कर्ष ननिस्किएपछि जिल्ला संगठन निर्माण विशेष समितिले जेठ १८ गतेसम्मका लागि थप एक दिनको समय दिएको थियो तर त्यस दिन पनि सहमति हुन सकेन । समितिले सहमतिबाट नेतृत्व चयन गर्न आग्रह गर्दै त्यसो हुन नसके पार्टीको कार्यविधिअनुसार अधिवेशन प्रक्रिया अगाडि बढाइने चेतावनीसमेत दिएको छ।

वडास्तरीय नेतृत्वले जयसवालमाथि विगत चार वर्षदेखि पार्टीलाई एकलौटी ढंगले सञ्चालन गरेको आरोप लगाएका छन्। उनीहरूले वडा नम्बर २ र ६ का समितिहरू आफ्नो स्वार्थअनुसार विघटन गरी नयाँ समिति गठन गरिएको दाबी गरेका छन्। पालिकास्तरीय अधिवेशनमा समेत आफ्नो प्रभाव कायम राख्न जयसवालले योजनाबद्ध रूपमा चलखेल गरेको आरोप कार्यकर्ताहरूले लगाएका छन्।

कार्यकर्ताहरूका अनुसार जयसवालले केही दिनअघिसम्म आफू जिल्ला कमिटीमा जाने र पालिकाको नेतृत्व नयाँ व्यक्तिलाई सुम्पिने आश्वासन दिएका थिए। तर अधिवेशनको मुखैमा पुनः सभापति बन्ने अडान लिएपछि कार्यकर्ताहरू असन्तुष्ट बनेका हुन्। जयसवालले विभिन्न वडा सभापतिहरुलाई फोन गरेर पालिका सभापति बनाइदिने आश्वासन बाँड्दै आन्तरिक विवाद सिर्जना गरेको वडासभापतिहरूले आरोपसमेत लगाएका छन्।

अधिवेशनमा सभापति पदका लागि पाँच जनाको उम्मेदवारी परेको थियो । तीमध्ये चार जना उम्मेदवारबीच सहमतिका सम्भावना देखिएपनि जयसवालले आफु पुनः सभापति हुनुपर्ने अडान लिएपछि सहमतिको प्रयास असफल भएको थियो । अधिवेशनमा जिल्लाबाट प्रतिनिधिका रूपमा खटिएका हरिओम मैनालीका अनुसार दिनभरि छलफल र समन्वयका प्रयास भएपनि सहमति जुट्न सकेन । त्यसपछि विषय संगठन निर्माण विशेष समितिको निर्णयमा छाडिएको थियो । समितिले सोमबार विज्ञप्ति जारी गर्दै सहमतिका लागि थप एक दिनको समय दिएको थियो।

चार वर्षदेखि पालिका कमिटिको सभापति भएर पार्टी चलाएका जयसवाल अब जिल्ला कमिटिमा जानुपर्नेमा पुनः आफू नै पालिका सभापति बन्ने भनेर अडानमा छन्। तर कार्यकर्ताहरुले उनले अब अन्य कार्यकर्ताहरुलाई पनि पार्टी संचालनको लागि मौका दिनुपर्ने भन्दै विरोध जनाएका थिए। आफूले पार्टीको लागि धेरै मेहनत गरेको भन्दै हड्पिन नपाउने भन्दै वडासभापतिहरुले तत्कालीन सभापति जयसवाल अब पद छोडेर माथिल्लो कमिटिमा जानुपर्ने उनीहरुको भनाई छ।

सहमति जुट्ने सम्भावना कमजोर देखिएसँगै बारागढी रास्वपामा नेतृत्व संघर्ष थप चर्किने संकेत देखिएको छ । पार्टीभित्र बढ्दो गुटबन्दी र पद मोहले संगठनात्मक एकता नै प्रभावित हुने चिन्ता कार्यकर्ताहरूले व्यक्त गर्न थालेका छन्।

## वीरगंज हुँदै चार अर्ब दुई करोड मूल्यका विद्युतीय सवारीसाधन आयात



**वीरगंज।**
चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज हुँदै रु चार अर्ब दुई करोड मूल्यभन्दा बढीका विद्युतीय सवारीसाधन आयात भएका छन्।

गत आवको १० महिनाको तुलनामा चालु आवमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात रु दुई अर्ब ३७ करोड अर्थात् १४३ दशमलव ६० प्रतिशतले वृद्धि भएको छ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाका हुँदै चालु आवमा १५ हजार २७१ वटा विभिन्न थरिका विद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि भएको बताए।

गत आवको १० महिनामा यो नाका हुँदै रु एक अर्ब ६५ करोड मूल्य पर्ने नौ हजार ४२ वटा विभिन्न विद्युतीय सवारीसाधन आयात गरिएका थिए। त्यसवापत रु ८१ करोड ४७ लाख राजस्व सङ्कलन भएको थियो। चालु आवको १० महिनामा रु एक अर्ब ८७ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका ६५७ वटा विद्युतीय कार, जीप र भ्यान आयात भएका छन्। त्यसवापत रु एक अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको १० महिनामा भने रु दुई करोड छ लाख मूल्य पर्ने छ वटा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो।

यस्तै, चालु आवको १० महिनामा रु एक अर्ब १७ करोड मूल्य पर्ने आठ हजार ८६७ वटा विद्युतीय मोटरसाइकल तथा स्कुटर आयात हुँदा रु ३८ करोड ५५ लाख राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु करोड ९६ लाख मूल्य पर्ने चार हजार ८३४ वटा विद्युतीय मोटरसाइकल र स्कुटर आयात भएका थिए । ती सवारीसाधनको आयातबाट मात्रै रु २० करोड १५ लाख राजस्व सङ्कलन भएको थियो।

यो नाका हुँदै चालु आवको १० महिनामा रु ३१ अर्ब ३१ करोड मूल्य पर्ने इन्धन र विद्युत्बाट चल्ने सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका सूचना अधिकारी विष्टले जानकारी दिए।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा सवारीसाधन र पार्टपुर्जाको आयात रु नौ अर्ब ६५ करोडअर्थात् ४४ दशमलव ५८ प्रतिशतले बढेको छ । चालु आवको १० महिनामा वीरगञ्ज हुँदै रु एक अर्ब २५ करोड मूल्य पर्ने छ सय २८ वटा जीप, कार र भ्यानको आयात भएको छ । त्यसवापत कार्यालयले रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा रु एक अर्ब ८१ करोड मूल्य पर्ने आठ सय ५५ वटा जीप, कार र भ्यानको आयात भएका थिए।

यस्तै, चालु आवको १० महिनामा रु सात अर्ब ३२ करोड मूल्य पर्ने ५१ हजार ४२३ वटा मोटरसाइकल ९अन एसेम्बल्ड० आयात भएका छन्। त्यसवापत रु सात अर्ब नौ करोड राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु पाँच अर्ब २१ करोड मूल्यका यस्ता मोटरसाइकल आयात भएका थिए। रासस

## मधेशको वन संरक्षणलाई प्राथमिकता दिँदै योजना तर्जुमा गर्नुपर्नेमा जोड




**जनकपुरधाम।**
मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीले वन संरक्षण, वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तनका चुनौतीलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ का योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बताएका छन्।

वन तथा वातावरण मन्त्रालयद्वारा सोमबार जनकपुरधाममा आयोजित आर्थिक वर्ष २०८३/८४ को योजना तर्जुमा गोष्ठी कार्यक्रममा मन्त्री चौधरीले वन क्षेत्रको दिगो व्यवस्थापन, हरित विकास तथा वातावरण संरक्षणलाई केन्द्रमा राखेर जनमुखी योजना निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए। उनले प्रदेशको जैविक विविधता संरक्षण, वनजन्य स्रोतको सदुपयोग तथा वातावरणीय जोखिम न्यूनीकरणका कार्यक्रमलाई आगामी बजेटमा प्राथमिकता दिइने उल्लेख गरे।

मन्त्री चौधरीले वन तथा वातावरण क्षेत्रको विकासले कृषि, पर्यटन तथा समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने उल्लेख गर्दै स्थानीय तह, सरोकार भएका निकायका प्रतिनिधि तथा समुदायसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता जनाए। उनले वन विनाश, प्रदूषण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि दीर्घकालीन सोचसहित योजना निर्माण गर्नुपर्नेमा जोड दिए।

सो अवसरमा मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशको आर्थिक क्षमता र आवश्यकतालाई मध्यनजर गर्दै परिणाममुखी तथा प्रभावकारी योजना छनोट गर्नुपर्ने बताए। उनले सीमित स्रोत–साधनको अधिकतम उपयोग हुनेगरी योजना निर्माण गर्नुपर्ने उल्लेख गर्दै वन तथा वातावरण संरक्षणका कार्यक्रमले दिगो विकासका लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पु¥याउने विचार व्यक्त गरे।

अर्थमन्त्री भट्टराईले प्रदेश सरकार विकास निर्माणसँगै वातावरणीय संरक्षणलाई समान महत्व दिइरहेको बताउँदै जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिने जानकारी दिए। वन संरक्षण गरी वातावरणीय सन्तुलन गर्ने किसिमका कार्यक्रम आउने उनको भनाइ छ।

कार्यक्रममा मन्त्रालयका सचिव जीवनाथ पौडेलले आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेशको आवश्यकता, उपलब्ध स्रोत र दीर्घकालीन विकास लक्ष्यबीच सन्तुलन कायम गर्नुपर्ने बताए । उनले वन तथा वातावरण क्षेत्रका विद्यमान चुनौती तथा सम्भावनालाई ध्यानमा राखी व्यावहारिक र कार्यान्वयनयोग्य योजना तयार पार्न मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गरे।

वन निर्देशनालयका निर्देशक जगरनाथप्रसाद जैसवालले वन संरक्षण, वृक्षरोपण, जैविक विविधता संरक्षण तथा वातावरणीय सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमलाई आगामी वर्ष थप प्रभावकारी ढङ्गले सञ्चालन गरिने बताए। उनले वन क्षेत्रको उत्पादकत्व वृद्धि, हरित क्षेत्र विस्तार तथा सामुदायिक वनको सुदृढीकरणका लागि आवश्यक कार्यक्रम प्रस्ताव गरिएको जानकारी दिए।

गोष्ठीमा मन्त्रालय मातहतका कार्यालय प्रमुख, प्राविधिक कर्मचारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो । सहभागीले वन तथा वातावरण क्षेत्रको दिगो विकास, जलवायु परिवर्तन अनुकूलन, प्राकृतिक स्रोत संरक्षण तथा हरित अर्थतन्त्र प्रवर्द्धनसम्बन्धी विभिन्न सुझाव प्रस्तुत गरेका थिए । मन्त्रालयले गोष्ठीबाट प्राप्त सुझावलाई समेटेर आगामी आव २०८३/८४ का नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा समावेश गर्ने जनाएको छ। रासस

## पूर्वमन्त्री सिंहद्वारा कृषि विज्ञहरुसँछ छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा पूर्व मन्त्री वीरेन्द्र प्रसाद सिंहले किसानको उत्पादनलाई सहज बजार उपलब्ध गराउने उद्देश्यले सर्लाहीको धनकौलस्थित आफ्नै निवासमा कृषि विज्ञहरू तथा आरजु राइस मिलको संयुक्त टोलीसँग महत्वपूर्ण छलफल गरेका छन्।

धान खेतीलाई किसानका लागि थप लाभदायी तथा नगदे बालीका रूपमा विकास गर्ने लक्ष्यसहित आयोजित उक्त छलफलमा धान उत्पादनको बजारीकरण, उचित मूल्य सुनिश्चितता, किसानमैत्री खरिद प्रणाली तथा स्थानीय स्तरमै धान खरिद केन्द्र स्थापना गर्ने विषयमा विस्तृत रूपमा विचार–विमर्श गरिएको थियो । छलफलका क्रममा सहभागी किसानहरूले उत्पादनपछि बजारको अभाव, बिचौलियाको प्रभाव तथा उचित मूल्य नपाउने समस्याबारे आफ्ना अनुभव र गुनासो राखेका थिए। उनीहरूले उत्पादनको सही मूल्य नपाउँदा कृषि पेशाप्रति निराशा बढ्दै गएको बताएका थिए।

त्यस अवसरमा आरजु राइस मिलका प्रतिनिधिहरूले किसानको उत्पादनलाई प्रत्यक्ष रूपमा खरिद गर्न सकिने वातावरण निर्माणका लागि धनकौल क्षेत्रमा मिलको शाखा कार्यालय वा धान खरिद केन्द्र स्थापना गर्ने सम्भावनाबारे सकारात्मक छलफल भएको जानकारी दिएका छन्।

## वन संरक्षण, वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तनका चुनौतिलाई योजना तर्जुमा गर्न माग

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले वन संरक्षण, वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तनका चुनौतीलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक वर्ष २०८३–८४ का योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बताएका छन्।

वन तथा वातावरण मन्त्रालयद्वारा आज जनकपुरधाममा आयोजित आर्थिक वर्ष २०८३–८४ को योजना तर्जुमा गोष्ठी कार्यक्रममा मन्त्री चौधरीले वन क्षेत्रको दिगो व्यवस्थापन, हरित विकास तथा वातावरण संरक्षणलाई केन्द्रमा राखेर जनमुखी योजना निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएका हुन्।

सो अवसरमा मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशको आर्थिक क्षमता र आवश्यकतालाई मध्यनजर गर्दै परिणाममुखी तथा प्रभावकारी योजना छनोट गर्नुपर्ने बताए।

उनले सीमित स्रोत–साधनको अधिकतम उपयोग हुनेगरि योजना निर्माण गर्नुपर्ने उल्लेख गर्दै वन तथा वातावरण संरक्षणका कार्यक्रमले दिगो विकासका लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुर्याउने विचार व्यक्त गरे।

## सामाजिक अभियन्ता मनोज राम सम्मानित



**मधेशदृष्टि**
**वीरगंज।**
दलित तथा सीमान्तकृत समुदायको शिक्षा, अधिकार र सामाजिक न्यायका क्षेत्रमा दीर्घकालदेखि सक्रिय योगदान पु¥याउँदै आएका सामाजिक अभियन्ता मनोज रामलाई 'रण अम्बिका शाह सेवा सहयोग–२०८३' प्रदान गरिने भएको छ। 'रण अम्बिका शाह सेवा गुठी नेपाल'ले समाज रूपान्तरण, शिक्षा प्रवद्र्धन तथा मानव सेवामा पु¥याएको उल्लेखनीय योगदानको कदरस्वरूप उहाँलाई ५० हजार रुपैयाँ राशिसहित उक्त सम्मान प्रदान गर्ने घोषणा गरेको हो।

गुठीको तेस्रो वार्षिक कार्यक्रम तथा 'रण अम्बिका शाह सेवा पुरस्कार एवं सेवा सहयोग समर्पण समारोह' काठमाडौंमा सम्पन्न भएको थियो। कार्यक्रमको अध्यक्षता डा. चिन्तामणि नाथ योगीले गर्नुभएको थियो भने पूर्व राजदूत प्रा. डा. जयराज आचार्य प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा गुठीका सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारी एवं सदस्यहरूको समेत उपस्थिति रहेको थियो। विशेष समारोहबीच प्रमुख अतिथि प्रा. डा. आचार्यको उपस्थितिमा मनोज रामलाई दोसल्ला, सम्मानपत्र तथा नगद राशिसहित सम्मान गरिएको हो।

कार्यक्रममा वक्ताहरूले दलित तथा पछाडि पारिएका समुदायका बालबालिकाको शिक्षा, चेतना अभिवृद्धि, मानव अधिकार संरक्षण र सामाजिक रूपान्तरणका क्षेत्रमा रामले निर्वाह गरेको भूमिका अनुकरणीय रहेको बताएका थिए। मनोज रामले विशेषगरी दलित, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षामा पहुँच विस्तार गर्न निःशुल्क ट्यूसन कक्षा, सिकाइ सुधार केन्द्र सञ्चालन, शैक्षिक सामग्री वितरण तथा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । ग्रामीण क्षेत्रमा शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका बालबालिकालाई विद्यालयसँग जोड्न उनले निरन्तर पहल गर्दै आएका छन्।

त्यसैगरी, दलित समुदायमाथि हुने विभेद, अन्याय र असमानताविरुद्ध आवाज उठाउँदै मानव अधिकार तथा सामाजिक न्यायका विभिन्न अभियानमा सक्रिय सहभागिता जनाउँदै आएका छन् । युवालाई सामाजिक उत्तरदायित्व र नेतृत्व विकासतर्फ प्रेरित गर्दै समुदायमा सकारात्मक परिवर्तन ल्याउन उनले खेलेको भूमिकाको समेत कार्यक्रममा प्रशंसा गरिएको थियो।

सम्मान ग्रहणपछि मन्तव्य व्यक्त गर्दै मनोज रामले प्राप्त सम्मानलाई सम्पूर्ण दलित तथा सीमान्तकृत समुदायको साझा सम्मानका रूपमा लिनुपर्ने बताए । उनले शिक्षा, स्वास्थ्य, अवसर तथा मानव अधिकारको क्षेत्रमा अझै पनि विद्यमान असमानता अन्त्य गर्न सबै पक्षको संयुक्त प्रयास आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रममा सामाजिक अभियन्ता, बुद्धिजीवी, मानव अधिकारकर्मी, युवा प्रतिनिधि तथा समाजसेवीहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले मनोज रामको अभियानले समुदायमा सकारात्मक प्रभाव पारेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक अभियानलाई निरन्तरता दिन आग्रह गरेका थिए।

## अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको मोडालिटी ६ महिनाभित्र टुङ्ग्याउने सरकारको घोषणा

**मधेशदृष्टि**
**कलैया।**
सरकारले आर्थिक वर्ष २०८३÷८४ को बजेटमार्फत बहुचर्चित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको मोडालिटी आगामी ६ महिनाभित्र टुङ्ग्याउने घोषणा गरेको छ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले जेठ १५ गते संघीय संसद्मा प्रस्तुत गरेको बजेट वक्तव्यमा उक्त प्रतिबद्धता जनाएपछि सो आसपासका क्षेत्र र विशेष गरि मधेश प्रदेशका बासिन्दाहरूमा उत्साह छाएको छ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल विगत तीन दशकदेखि राजनीतिक, आर्थिक, प्राविधिक तथा वातावरणीय बहसको केन्द्रमा रहँदै आएको परियोजना हो।

यसअघि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले वैकल्पिक वित्तीय स्रोतको व्यवस्था गरी विमानस्थल निर्माण गर्ने घोषणा गरेका थिए भने अर्थमन्त्री वर्षमान पुनले निजी साझेदारी मोडेलमार्फत निर्माण प्रक्रिया अघि बढाउने बताएका थिए । तर ती घोषणाहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन्।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको मन्त्रिपरिषद्ले २०८० साल कात्तिक २३ गते विमानस्थल निर्माण गर्ने निर्णय गरेको हो।

## सम्पादकीय

# मकै किसानको पीडा र राज्यको उदासीनता

पछिल्लो समय रौतहट जिल्लाका किसानहरूमा मकै खेतीतर्फको आकर्षण निकै उत्साहजनक देखिएको छ । विशेषगरी जिल्लाको उत्तरी भेगमा पर्ने चन्द्रपुर, वृन्दावन, गुजरा र फतुवा विजयपुर नगरपालिकाका किसानहरूले परम्परागत खेतीलाई छाडेर व्यावसायिक मकै खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । यस क्षेत्रमा उत्पादन हुने मकैको परिमाणले स्थानीय अर्थतन्त्रमा ठूलो योगदान पु¥याउने अपेक्षा गरिए पनि अहिले किसानहरूमा खुसीभन्दा बढी चिन्ता छाएको छ । मिहिनेत गरेर फलाएको बाली बिक्री गर्ने समयमा बजार नपाउनु र मूल्यमा भारी गिरावट आउनुले किसानको उत्साहलाई निराशामा परिणत गरिदिएको छ ।

उत्पादन राम्रो भए पनि बजारको सुनिश्चितता नहुँदा किसानहरू विचौलियाको मारमा परेका छन् । मकै पाकेर भित्र्याउने बेला बजारमा उचित मूल्य नपाउँदा किसानहरू सस्तो दरमा आफ्नो उत्पादन बेच्न बाध्य छन् । एकातिर बजारको अभाव छ भने अर्कोतिर व्यापारीहरूले मनलाग्दी मूल्य तोक्ने प्रवृत्तिले किसानको श्रमको अवमूल्यन भएको छ । सरकारले मकैको न्यूनतम समर्थन मूल्य समयमै तोक्न नसक्नु र तोकिएको मूल्यमा पनि खरिद गर्ने प्रभावकारी संयन्त्र नहुनुले रौतहटका किसानहरू आर्थिक दबाबमा परेका हुन् । खेतीपातीमा लाग्ने लागत र त्यसबाट प्राप्त हुने प्रतिफलको खाडल झन् झन् गहिरिँदै गएको छ । उन्नत बीउ, रासायनिक मल, सिँचाइ र मजदुरको ज्याला महँगिदै जाँदा उत्पादन लागत निकै बढेको छ । तर, बिक्री गर्ने समयमा मूल्य घट्दा लगानी समेत नउठ्ने अवस्था सिर्जना भएको छ । धेरैजसो किसानले ऋण लिएर खेती गरेका हुन्छन्, जसका कारण बैंकको ब्याज र साहुको ऋण तिर्न नसक्दा उनीहरू मानसिक तनावमा छन् । यो अवस्थाले भविष्यमा व्यावसायिक खेतीतर्फ लाग्न चाहने युवा पुस्तालाई समेत निरुत्साहित बनाउने निश्चित छ ।

किसानका यी समस्या समाधान गर्न स्थानीय, प्रदेश र संघीय सरकारको भूमिका प्रभावकारी देखिनु आवश्यक छ । मकैको उत्पादन बढेको अवस्थामा त्यसलाई भण्डारण गर्न आधुनिक शीतभण्डार (कोल्ड स्टोर) वा गोदाम घरहरूको व्यवस्था हुनुपर्छ ताकि मूल्य कम भएको समयमा किसानले आफ्नो उत्पादन सुरक्षित राख्न सकून् । साथै, स्थानीय सरकारले कृषि सहकारीहरूमार्फत मकै खरिद गर्ने र उचित बजारको खोजी गर्ने कार्यमा सक्रियता देखाउनुपर्छ । विचौलियाको सिन्डिकेट तोड्न र किसानलाई सिधै बजारसँग जोड्न ठोस नीति र कार्यक्रमको खाँचो छ ।

अन्ततः, कृषि प्रधान देश भनिए पनि किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाउनु विडम्बनापूर्ण छ । रौतहटका किसानहरूको यो समस्या एउटा जिल्लाको मात्र नभई राष्ट्रिय समस्याको प्रतिबिम्ब हो । यदि समयमै सरकारले मकै खेती गर्ने किसानका लागि उचित मूल्य, बजार र अनुदानको व्यवस्था नगर्ने हो भने देश खाद्यान्नमा आत्मनिर्भर हुने लक्ष्य केवल नारामा मात्र सीमित रहनेछ । किसानलाई श्रमको उचित सम्मान र लगानीको सुनिश्चितता दिलाउनु राज्यको दायित्व हो, यसमा ढिलासुस्ती गरिनु हुँदैन ।

# जातीय विभेद्को बढ्दो त्रासदी



–राजेश विद्रोही

सिन्धुलीका श्रीकृष्ण विकको हिरासतभित्र भएको मृत्युले सडक, सदन, सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म गम्भीर बहस जन्माएको छ । आफूले मन पराएकी कथित उच्च जातकी युवतीसँग अन्तरजातीय विवाह गरेपछि उनीमाथि युवती पक्षले उमेर नपुगेको आधार देखाउँदै बालविवाह र बलात्कारसम्बन्धी मुद्दा दर्ता गरायो । त्यसपछि प्रहरीले उनलाई ललितपुरबाट पक्राउ गरी खुर्कोट प्रहरी चौकी पु¥यायो । जहाँ हिरासतमै उनको मृत्यु भयो । प्रहरीले घटनालाई आत्महत्या भने पनि परिवार, स्थानीयवासी र अधिकारकर्मीहरूले प्रहरी यातना वा योजनाबद्ध हत्याको आशङ्का व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरिरहेका छन् । घटनापछि व्यापक विरोध र प्रश्न उठे पनि अहिलेसम्म न उच्चस्तरीय छानबिन समिति गठन भएको छ, न अनुसन्धान प्रक्रियाले स्पष्ट दिशा लिएको देखिन्छ । यसले राज्य संयन्त्रको संवेदनशीलता, प्रहरी प्रशासनको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वासमाथि गम्भीर प्रश्न खडा गरेको छ । श्रीकृष्ण विकको मृत्यु केवल एक व्यक्तिको मृत्यु होइन, यसले सिङ्गो प्रेम र अन्तरजातीय विवाहप्रति समाजमा रहेको विभेद्कारी दृष्टिकोण, दलित समुदायमाथिको संरचनात्मक हिंसा र कानुनी प्रक्रियाको सम्भावित दुरुपयोगलाई उजागर गरेको छ ।

नेपालमा पछिल्ला वर्षहरूमा अन्तरजातीय प्रेम र विवाह, विशेषगरी दलित–गैरदलित सम्बन्ध–सामाजिक तनाव र कानुनी विवादको विषय बन्दै गएको छ । जात नमिलेपछि सम्बन्धलाई बलात्कारको मुद्दामा रूपान्तरण गर्ने, उमेर नपुगेको आधारमा बालविवाहको अभियोग लगाउने र सहमतिमा भएको सम्बन्धलाई समेत अपराधीकरण गर्ने प्रवृत्ति बढ्दो छ । परिवार र समाजले सम्बन्ध स्वीकार नगर्दा कानुनी आरोपलाई सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग गरिएका अनेक उदाहरण छन् । रुकुम पश्चिम सोती हत्या घटनामा नवराज विकसहित छ जना युवाको हत्या अन्तरजातीय प्रेमकै कारण थियो । सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको घटनामा उमेर पुगेपछि गरिएको प्रेमविवाहलाई समेत परिवार र प्रशासनिक प्रभाव प्रयोग गरेर अपराधीकरण गरियो । युवतीको उमेर कम देखाउने फर्जी जन्मदर्ता तयार गरी अपहरण, बलात्कार र बालविवाहका मुद्दा दर्ता गरिएपछि सत्येन्द्रलाई भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

यस्तै, सप्तरीको मनोज राम र बबिता इसरको घटनामा पनि जातीय पृष्ठभूमि र उमेरलाई आधार बनाएर सम्बन्ध तोड्ने प्रयास भएको थियो । सप्तरीकै ज्योति पासवान बाहुन युवकसँग प्रेमविवाह गर्दा जातकै कारण परिवारले नस्वीकार्दा आत्महत्या गरिन । सिरहाकी रिङ्कु सदा, रौतहटका विजयराम महरा, धनुषाका शम्भु सदा र पल्टु रविदास जस्ता घटनाहरू जातीय विभेद, सामाजिक पूर्वाग्रह र प्रशासनिक कमजोरीको कठोर वास्तविकता उजागर गरेका छन् । मधेसका सिरहा, सप्तरी, धनुषा र रौतहटलगायत जिल्लामा दलित युवकले कथित गैरदलित युवतीसँग भागी विवाह गर्दा अपहरण, बलात्कार, बालविवाह र ज्यान मार्ने उद्योगजस्ता मुद्दा दर्ता गराउने प्रवृत्ति बढेको छ । धेरै घटनामा युवतीको सहमतिपूर्ण सम्बन्धलाई समेत परिवार र समाजको जातीय दबाबका कारण अपराधीकरण गरिएको छ । यसरी दलित युवाले प्रेम गरेकै कारण किन बारम्बार हिंसा, पक्राउ र मृत्युको सामना गर्नुपरेको छ ?

पछिल्ला वर्षहरूमा हिरासतभित्र मृत्यु भएका धेरै व्यक्तिहरू आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायकै छन् । इन्सेकको प्रतिवेदन अनुसार एक वर्षमा ८८ जनाको प्रहरी हिरासतमा मृत्यु हुने गरेको छ । यसमा ५२ प्रतिशत दलित सिमान्तकृत समुदायकै हुन्छन्, जसमध्ये प्रहरी प्रतिवेदनले ५६ प्रतिशत आत्महत्या भनिएको छ । यसरी धेरै घटनालाई आत्महत्या भन्दै निष्कर्ष निकाल्ने प्रवृत्तिले राज्यप्रतिको अविश्वास झन् गहिरो बनाएको छ । दलित महिला सङ्घका अनुसार अन्तरजातीय विवाह गरेका ३१.७ प्रतिशत जोडीले विभिन्न कानुनी तथा सामाजिक प्रताडना भोग्नुपरेको छ । विशेषगरी दलित पुरुष–गैरदलित महिला सम्बन्धमा अपहरण, बलात्कार र बालविवाहका उजुरी दर्ता गरिने प्रवृत्ति बढी देखिएको उल्लेख छ । अन्तरजातीय प्रेमलाई अझै पनि नेपाली समाजका धेरै हिस्साले व्यक्तिगत अधिकारका रूपमा स्वीकार गर्न सकेका छैनन् । दलित युवाले गैरदलित युवतीसँग प्रेम गर्दा कानुनी मुद्दा, सामाजिक आक्रमण र हिरासतको जोखिम झेल्नुपर्छ भने दलित युवतीहरूले बहिष्कार, अपमान र मानसिक हिंसा सहनुपरेको छ । राज्यले एकातिर अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति ल्याउँछ, अर्कोतर्फ त्यही कारण हिंसामा परेकाहरूलाई न्याय दिन भने असफल देखिन्छ ।

नेपालको संविधानले समानता, स्वतन्त्रता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ । कानुनले अन्तरजातीय विवाहलाई वैध मानेको छ । तर व्यवहारमा समाज अझै पनि जात, वर्ग, पितृसत्ता र परिवारको इज्जत भन्ने पुरानो मानसिकताबाट मुक्त हुन सकेको छैन । महिलाको स्वतन्त्र निर्णयलाई परिवारको नियन्त्रणभन्दा बाहिर स्वीकार गर्न नसक्ने सोचले प्रेम सम्बन्धलाई सामाजिक अपराधजस्तो बनाइदिएको छ । नेपालमा विवाहका लागि महिला र पुरुष दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । बालविवाह रोक्न यो कानुनी व्यवस्था आवश्यक भए पनि कतिपय अवस्थामा यही कानुन प्रेम सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग भइरहेको छ । विशेषगरी अन्तरजातीय सम्बन्धमा युवतीका परिवारले नाबालिगको आधार देखाएर युवकविरुद्ध बलात्कार वा बालविवाहको उजुरी दिने क्रम बढेको छ । सहमतिमा भएको सम्बन्धलाई सामाजिक दबाबका कारण जबर्जस्ती करणीको रूपमा व्याख्या गरिँदा कानुनको मूल उद्देश्य नै कमजोर बन्दै गएको छ ।

युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को २०२४ को अध्ययनअनुसार नेपालमा करिब ५० लाख महिलाले बालविवाहको अनुभव गरिसकेका छन् भने १३ लाखभन्दा बढी बालिका १५ वर्षअघि नै विवाहमा बाँधिएका छन् । नेपाल विश्वमै बालविवाहको उच्च दर भएका देशमध्ये पर्छ । अध्ययनहरूले ३३ प्रतिशत बालिका र ९ प्रतिशत बालक १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको देखाएका छन् । कोभिड महामारीपछि बालविवाहको दर अझ बढेको तथ्याङ्क पनि सार्वजनिक भएका छन् । तर विडम्बना के छ भने वास्तविक बालविवाहका घटनामा राज्य संयन्त्र कमजोर देखिन्छ । जबकि अन्तरजातीय सम्बन्धका घटनामा कानुनको प्रयोग अस्वाभाविक रूपमा तीव्र हुने गरेको आरोप बढ्दो छ । अर्कोतर्फ, नेपालमा यौन हिंसाका वास्तविक घटना पनि गम्भीर सामाजिक सङ्कटका रूपमा रहेका छन् । आर्थिक वर्ष २०७५÷७६ देखि पाँच वर्षको अवधिमा ११ हजार सात सयभन्दा बढी बलात्कारका घटना दर्ता भएका थिए । औसतमा दैनिक सातभन्दा बढी महिला बलात्कारको सिकार भएका छन् । १० वर्षमुनिका सयौं बालिकासमेत पीडित रहेको तथ्यांकले अवस्था झन् भयावह देखाउँछ । त्यसैले वास्तविक बलात्कार र जबर्जस्ती करणीका घटनालाई कमजोर बनाउने गरी संवेदनशील कानुनको दुरुपयोग हुनु झन् खतरनाक पक्ष हो ।

नेपालको ग्रामीण समाजमा अझै पनि जातीय शुद्धताको सोच बलियो छ । दलित युवकले कथित उच्च जातकी युवतीसँग विवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा गुम्ने भयले हिंसा, धम्की र झुटा मुद्दासम्मको सहारा लिने प्रवृत्ति देखिन्छ । कतिपय घटनामा युवतीलाई घरमै नजरबन्द गर्ने, युवकलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने वा प्रहरी प्रशासन प्रयोग गरेर सम्बन्ध छुट्याउने प्रयास गरिन्छ । अझ गम्भीर पक्ष के छ भने यस्ता घटनाको छानबिन गर्ने संयन्त्रहरूमा पनि प्रभावशाली पक्षकै दबाब देखिने गरेको आरोप बारम्बार उठ्ने गरेको छ । यद्यपि, वास्तविक बालविवाह र जबर्जस्ती करणीका घटनालाई कम आँक्न मिल्दैन । गरिबी, अशिक्षा, लैंगिक विभेद, दाइजो प्रथा र सामाजिक असुरक्षाले बालविवाहलाई अझै बढावा दिइरहेका छन् । किशोरी गर्भावस्था पनि ठूलो चुनौती बनेको छ । अध्ययनअनुसार कर्णाली प्रदेशमा किशोरी गर्भावस्था २१ प्रतिशतसम्म पुगेको छ । त्यसैले समाधान कानुनको दुरुपयोगमा होइन्, न्यायपूर्ण कार्यान्वयन र सामाजिक चेतनाको विकासमा खोजिनुपर्छ ।

सहमतिमा रहेका वयस्कबीचको सम्बन्धलाई जातका आधारमा अपराधीकरण गर्नु मानव अधिकारविरुद्धको अभ्यास हो । कानुनले वास्तविक हिंसा र जबर्जस्तीलाई दण्डित गर्नुपर्छ, प्रेमलाई होइन । प्रहरी प्रशासनले सामाजिक दबाबभन्दा प्रमाण, सहमति र संवैधानिक अधिकारका आधारमा अनुसन्धान गर्ने संस्कार विकास गर्न आवश्यक छ । राज्यले अन्तरजातीय विवाहलाई केवल प्रोत्साहन कार्यक्रमको रूपमा होइन, सामाजिक न्याय र समानताको प्रश्नका रूपमा हेर्नुपर्छ । आज नेपालमा प्रश्न केवल प्रेमको होइन, नागरिक स्वतन्त्रता, जात व्यवस्था र कानुनी न्यायको पनि हो । यदि एक जना युवाले आफ्नो जीवनसाथी रोज्ने अधिकार प्रयोग गर्दा जातका कारण बलात्कार वा बालविवाहको अभियोग भोग्नुपर्छ भने त्यो लोकतान्त्रिक समाजको गम्भीर असफलता हो । जातीय विभेदको अन्त्य संविधान लेखेर मात्र हुँदैन्, समाजले प्रेमलाई अपराध होइन, अधिकारका रूपमा स्वीकारेपछि मात्रै सम्भव हुन्छ । र, यसलाई राज्यले एउटा अभियानकै रुपमा अगाडि बढाउनुपर्छ । जसले मात्र विभेद रहित समाजिक एकरुपता सहितको मानवीय समाजको स्थापना गर्न सकिन्छ । जो आजको युगको आवश्यकता हो ।

# फुसको छानोबाट सुरक्षित आवाससम्म

राजु विश्वकर्मा/रासस



चितवनको राप्ती नगरपालिका–१२ का ५३ वर्षीय बाबुराम प्रजा पहिले वर्षा लाग्दा रातभर जाग्राम बस्न बाध्य हुन्थे । फुसको छानो चुहिने, हावाले उडाउन सक्ने र आगलागीको जोखिमले परिवार सधैँ त्रसित रहन्थ्यो ।

बर्सातका समयमा घरभित्र पानी पसेपछि सुत्ने ठाउँ सुरक्षित हुँदैनथ्यो । परिवारका सदस्यलाई भिज्नबाट जोगाउन भाँडा, बाल्टिन र अन्य सामग्री राखेर रात बिताउनुपर्ने अवस्था थियो । ‘मानिसलाई खानासँगै सुरक्षित घर पनि आवश्यक हुन्छ,’ बाबुराम भन्नुहुन्छ, ‘तर हाम्रो आर्थिक अवस्था कमजोर भएकाले जीवनभर पक्की घरमा बस्ने सपना पूरा होला भन्ने लागेको थिएन ।’ बागमती सरकारले पक्की घर निर्माण गरिदिएपछि भने अहिले उहाँको परिवार ढुक्कसँग बस्न थालेको छ । ‘अब वर्षा र हावाहुरीको डर छैन,’ उहाँ भन्नुहुन्छ, ‘बच्चाहरू पनि सुरक्षित छन्, यही नै हाम्रो सबैभन्दा ठूलो खुसी हो ।’

मकवानपुरको भीमफेदी गाउँपालिका–२ का ६५ वर्षीय गोपाल प्रजाको कथा पनि बाबुरामको भन्दा फरक छैन् । वर्षौंदेखि झुप्रोमा बस्दै आएका गोपालले आफ्नो जीवनमा कहिल्यै पक्की घरको कल्पना गर्नुभएको थिएनन् । वर्षा लाग्दा छानो चुहिने र हिउँदमा चिसोले सताउने समस्याले परिवार सधैँ पीडित थियो । ‘हामीलाई पक्की घर भनेको धनी मानिसको कुरा जस्तो लाग्थ्यो,’ उहाँ भन्नुहुन्छ, ‘तर अहिले आफ्नै घरमा बस्न पाउँदा जीवन नै बदलिएको महसुस भइरहेको छ ।’

उहाँका अनुसार सुरक्षित घर पाएपछि परिवारमा आत्मविश्वास बढेको छ । पहिले छिमेकीको सहारामा बस्नुपर्ने अवस्था भए पनि अहिले आफ्नै घरमा सम्मानपूर्वक जीवन बिताउन पाएकामा उहाँ निकै खुसी हुनुहुन्छ । बाबुराम र गोपाल मात्र होइन, वर्षौंदेखि फुसको छानोमुनि कठिन र जोखिमपूर्ण जीवन बिताइरहेको चितवन र मकवानपुरका सयौँ विपन्न परिवारको जीवनमा अहिले नयाँ उज्यालो छाएको छ ।

हावाहुरी, वर्षा र आगलागीको त्रासबीच दिन बिताउन बाध्य परिवार अहिले आफ्नै पक्की घरमा सुरक्षित जीवनको अनुभूति गर्न थालेका छन् । वर्षौंदेखि जीर्ण घर, चुहिने छाना र असुरक्षित बासस्थानमा जीवन बिताउन बाध्य परिवारहरू अहिले सुरक्षित र व्यवस्थित आवासमा बस्न थालेपछि उनीहरूको जीवनस्तरमा उल्लेखनीय परिवर्तन आएको छ । प्रदेश सरकारद्वारा सञ्चालित ‘एकीकृत बस्ती तथा आवास कार्यक्रम’, ‘जनता आवास कार्यक्रम’ तथा ‘फुसको छानो हटाउने अभियान’ ले हजारौँ विपन्न नागरिकको जीवनमा परिवर्तन ल्याएको छ ।

यी कार्यक्रमहरूले हजारौँ नागरिकलाई सुरक्षित आवास उपलब्ध गराउँदै सामाजिक सुरक्षा, सम्मान र आत्मविश्वास बढाउन महत्वपूर्ण योगदान पु¥याएका छन् । ‘जनता आवास कार्यक्रम’ अन्तर्गत निर्माण गरिएका पक्की घरहरूले विपन्न परिवारलाई स्थायी बसोबासको अनुभूति दिलाएको छ । यसले उनीहरूमा श्रम, शिक्षा र साना व्यवसायप्रति उत्साह बढाएको स्थानीय तहहरूले बताएका छन् ।

यसैगरी, ‘एकीकृत बस्ती तथा आवास कार्यक्रम’ मार्फत व्यवस्थित बस्ती विकास हुँदा सडक, खानेपानी, विद्युत् र सरसफाइजस्ता आधारभूत सेवामा पहुँच विस्तार भएको छ ।

वर्षौंदेखि गरिबी, अभाव र असुरक्षित बासस्थानको पीडा सहँदै आएका परिवार अहिले सुरक्षित घर पाएपछि भविष्यप्रति आशावादी बनेका छन् । विपन्न नागरिकको जीवनमा नयाँ आशा र सुरक्षित भविष्यको आधार निर्माण गरेको छ । विशेषगरी दलित, सीमान्तकृत, विपन्न तथा प्राकृतिक विपद्को जोखिममा रहेका परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएका यी कार्यक्रमले केवल घर निर्माण मात्र होइन, सामाजिक सम्मान र आत्मविश्वास पनि प्रदान गरेका छन् । फुसको छानो भएका घरमा बर्खायाममा पानी चुहिने, चिसो र आगलागीको जोखिम हुने समस्या अब धेरै हदसम्म अन्त्य भएको छ । टिन तथा सुरक्षित छाना जडान गरिएपछि बालबालिकाको पढाइमा सहजता आएको छ भने वृद्धवृद्धा र महिलाको दैनिक जीवन पनि सुरक्षित बनेको छ गत आर्थिक वर्ष २०७९ ÷८० देखि आव २०८१ ÷ ८२ सम्ममा चितवन र मकवानपुरका ६५० परिवारले पक्की घर पाएका छन् । एकीकृत बस्ती तथा आवास कार्यक्रम र जनता आवास कार्यक्रममार्फत निर्माण गरिएका यी घरहरूले सयौँ विपन्न परिवारलाई सुरक्षित बासस्थान प्रदान गरेका छन् । गत आव २०७९÷८० बाट सुरु भएको एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत आव २०७९÷८० मा १७४, आव २०८० ÷ ८१ मा २७४, आव २०८१ ÷ ८२ मा ५५ वटा घर निर्माण गरी हस्तान्तरण गरिसकेको सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाका प्रमुख इन्जिनियर भूपेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो कार्यक्रमअन्तर्गत चालु आव २०८२ ÷ ८३ मा थप ९४ परिवारका लागि घर निर्माण गर्ने योजना स्वीकृत भएको छ

विशेषगरी चेपाङ, वनकरिया, माझी, बोटे तथा दलित समुदायका विपन्न परिवारलाई लक्षित गरी एकीकृत बस्ती तथा आवास कार्यक्रम र जनता आवास कार्यक्रम सञ्चालन गरिएको प्रमुख इन्जिनियर यादवले जानकारी दिनुभयो । यी समुदायका धेरै परिवार वर्षौंदेखि फुसको छानो भएको असुरक्षित घरमा बस्दै आएका थिए । उहाँका अनुसार एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत चालु आव २०८२÷८३ मा ९४ घर र जनता आवास कार्यक्रमका लागि १०५ आवास योजना स्वीकृत भएको छ । चालु आव २०८२ ÷ ८२ को एकीकृत वस्ती तथा आवास कार्यक्रमअन्तर्गत चितवनको माडी नगरपालिका–७ मा चेपाङ समुदायको एकीकृत बस्तीका लागि ३९ वटा नयाँ घर निर्माण गर्न लागिएको प्रमुख यादवले बताउनुभयो । प्रदेश सरकारको नमूना योजनाका रुपमा सो एकीकृत बस्ती निर्माण गर्न लागिएको उहाँको भनाइ छ ।

एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत मकवानपुरको राक्सिराङ, मनहरी, कैलाश, बागमती, बकैयाँ र हेटौँडा उपमहानगरपालिकामा पाँच÷पाँच वटा घर निर्माण गरिने जनाएको छ । यस्तै, चितवनको इच्छाकामना, खैरहनी, कालिकामा पाँच÷पाँच र राप्तीमा १० वटा नयाँ घर निर्माण गरिने योजना स्वीकृत भएको सहरी विकास तथा भवन कार्यालयले जनाएको छ ।

त्यस्तै, जनता आवास कार्यक्रमअन्तर्गत ४०० घर निर्माण सम्पन्न भएको छ । निर्माण सम्पन्न भएका अधिकांश घर लाभग्राहीलाई हस्तान्तरण गरिसकिएको छ । जनता आवास कार्यक्रमअन्तर्गत चालु आव २०८२÷८३ मा १०५ वटा नयाँ घर बनाउने योजना स्वीकृत भएको प्रमुख यादवले बताउनुभयो । उहाँका अनुसार जनता आवास कार्यक्रमअन्तर्गत मकवानपुरको राक्सिराङ गाउँपालिका ३३, बागमती गाउँपालिकामा १०, मनहरीमा आठ, कैलाशमा पाँच, बकैयाँ गाउँपालिका सात र हेटौँडा उपमहानगरपालिकामा छ वटा घर निर्माण गरिने जनाएको छ ।

यस्तै, चितवनको राप्तीमा २०, इच्छाकामना र खैरहनीमा पाँच÷पाँच र कालिकामा छ वटा नयाँ घर निर्माण गरिने योजना स्वीकृत भएको छ । सरकारले बरन्डासहित दुईकोठे पक्की घर र शौचालय निर्माणका लागि प्रतिपरिवार रु चार लाख बजेट उपलब्ध गराएको छ । यद्यपि निर्माण सामग्रीको मूल्य अत्यधिक बढेका कारण तोकिएको बजेटमा काम सम्पन्न गर्न चुनौती थपिएको सम्बन्धित अधिकारीहरूको भनाइ छ ।

सुरक्षित घरले विपन्न परिवारको जीवनमा केवल भौतिक सुविधा मात्र थपेको छैन, सामाजिक सम्मान र आत्मविश्वास पनि बढाएको छ । पहिले झुप्रोमा बस्ने परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक थियो । तर अहिले आफ्नै पक्की घर भएपछि उहाँहरूमा आत्मसम्मान बढेको छ । बालबालिकाले सुरक्षित वातावरणमा पढ्न पाएका छन् भने महिलाहरू पनि घरभित्र निर्धक्कसँग बस्न सक्ने अवस्था बनेको छ । स्थानीयवासीका अनुसार पक्की घरले परिवारको स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको छ । चुहिने छानो, चिसो र धुवाँयुक्त वातावरणबाट हुने रोग कम भएका छन् ।

# प्रधानमन्त्री बालेनको अभिव्यक्ति गलत र अपरिपक्व'– उपेन्द्र यादव



**काठमाडौँ ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सीमासम्बन्धी प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्ति राष्ट्रिय हितअनुकूल नभएको बताएका छन् । नेपालले भारतको सीमा कतै पनि नमिचेको दाबी गर्दै उनले प्रधानमन्त्रीको संसद्को भनाइप्रति गम्भीर आपत्ति जनाएका हुन् ।
प्रधानमन्त्री शाहले आइतबार प्रतिनिधिसभामा 'नेपालले पनि भारतको सीमा मिचेको छ' भनी दिएको अभिव्यक्ति विवादास्पद, गलत र त्रुटिपूर्ण रहेको अध्यक्ष यादवको ठहर छ । प्रधानमन्त्री बालेनको अभिव्यक्ति गलत र अपरिपक्व भएको यादवको ठहर छ । उनले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गरेका हुन् ।
छिमेकी मुलुक भारतसँगको सीमा विवादका विषयमा संसद् र राजनीतिक वृत्तमा बहस तातिरहेका बेला मधेस केन्द्रित राजनीतिको मुख्य शक्ति मानिने जसपा नेपालका अध्यक्ष यादवको यो टिप्पणी सार्वजनिक भएको हो । प्रधानमन्त्रीको उक्त अभिव्यक्तिलाई लिएर संसद्मा विपक्षी दलहरूले मोर्चाबन्दी गरिरहेका बेला यादवले पनि सरकारको परराष्ट्र नीति र कूटनीतिक परिपक्वतामाथि प्रश्न उठाएका छन् ।

# फ्रन्ट डेस्कका कर्मचारीलाई नागरिक केन्द्रित प्रशिक्षण

**काठमाडौँ ।**
आम नागरिकले सरकारको उपस्थिति र व्यवहार महसुस गर्ने पहिलो ठाउँ हो, सरकारी कार्यालयको 'फ्रन्ट डेस्क' । अर्थात सोधपुछ र दर्ता चलानी शाखा हो । सार्वजनिक निकायमा सेवा लिन जाँदा प्रायः नागरिकले भोग्ने साझा नियति हो, कर्मचारीको रुखो बोली, उदासीन अनुहार र एक कोठाबाट अर्को कोठा धाउनु पर्ने बाध्यता ।
लामो समयदेखि यही संवेदनशील ठाउँमा बस्ने कर्मचारीहरू सधैँ कार्यबोझको दबाबमा रहने, उत्प्रेरित नहुने र कतिपय अवस्थामा नागरिकप्रति संवेदनशील नहुँदा समग्र सरकारकै छविमाथि प्रश्न उठदै आएको थियो । सोही संवेदनशीलतालाई चिर्न सरकारले पहिलोपटक 'नागरिक केन्द्रित सार्वजनिक सेवा प्रशिक्षण' अभियान सुरु गरेको छ । जसले सरकारी सेवा प्रवाहको पहिलो ढोका मानिने 'फ्रन्ट डेस्कको अनुहार' बदल्ने अपेक्षा गरिएको छ ।
सरकारको १०० बुँदे प्राथमिकता प्राप्त कार्यक्रमअन्तर्गत सुरु गरिएको यो तालिम अहिलेसम्मकै फरक र 'मानव–केन्द्रित' छ । विगतमा प्रशासनिक संरचना, भौतिक पूर्वाधार र प्रविधि सुधारमा मात्रै राज्यको लगानी केन्द्रित हुने गरेकोमा यसपटक भने सेवा प्रवाहको अग्रपङ्क्तिमा खटिने मानव संशाधनको आचरण सुधार्न जोड दिइएको भूमि व्यवस्थापन, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।
फ्रन्ट डेक्समा काम गर्ने तीन हजार २०४ कर्मचारीको विवरण सङ्कलन भइसकेको छ । मन्त्रालयले पहिलो चरणमा सङ्घीय सरकार मातहतका विभिन्न मन्त्रालय र विभागका फ्रन्ट डेस्कमा कार्यरत सहायक स्तरका ६६० र अधिकृत स्तरका ३६० गरी जम्मा एक हजार २० जना कर्मचारीलाई लक्षित गरी तालिम प्रदान गरेको छ




यही जेठ ५ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमार्फत यो प्रशिक्षण तीव्रताका साथ अघि बढाइएको मन्त्रालयका सहसचिव एकदेव अधिकारीले जानकारी दिए ।
नागरिकले कार्यालयमा पाइला टेक्ने बित्तिकै ठोक्किने ठाउँ फ्रन्ट डेस्क नै हो । तर, हिजोका दिनमा यो डेस्कमा बस्ने कर्मचारीहरू सधैँ दोहोरो मारमा पर्थे एकतर्फ सेवाग्राहीको भीड र दबाब, अर्कोतर्फ हाकिमहरूको ताकेता, सहसचिव अधिकारीले भने, उहाँहरुलाई कुनै न यससम्बन्धी अभिमुखीकरण हुन्थ्यो, न त काम गर्ने हौसला नै ।
मन्त्रालय अन्तर्गतका प्रशासन सुधार महाशाखा प्रमुख अधिकारीले पाठ्यक्रम र न्यूनतम लागतमा प्रभावकारी हुने खालको तालिम विधि तयार गरी कर्मचारीलाई तालिम दिन थालिएको जानकारी दिए । फ्रन्ट डेस्कका कर्मचारीहरूलाई नै केन्द्रित गरेर मावन केन्द्रित भएर यस तालिम तीन दिनका लागि मात्र भएपनि प्रभावकारी साबित हुने मन्त्रालयको विश्वास छ ।
अहिलेसम्मका हाम्रा प्रयास र लगानीहरू कार्यालयको भौतिक सजावट, उपकरण वा कार्य वातावरण सुधार्नमा मात्र बढी केन्द्रित थिए", तालिमको रणनीति र औचित्यबारे प्रष्ट पार्दै उनले भने, "भिडभाडमा आफूलाई कसरी शान्त राख्ने, सेवाग्राही र सुपरभाइजरसँग कसरी प्रभावकारी सञ्चार गर्ने भन्ने सिकाउन तीन दिनको तालिमले कर्मचारीको मनोबल उच्च बनाउनुका साथै समग्र सरकारप्रतिको नागरिकको दृष्टिकोणमा ठुलो सकारात्मक परिवर्तन ल्याउने अपेक्षा छ ।"

**के सिकाइँदैछ ?**
तालिम छोटो भए पनि यसको क्षेत्र निकै व्यापक र व्यावहारिक भएको मन्त्रालयको भनाइ छ । यसमा परम्परागत प्रशासनिक ज्ञानभन्दा बढी व्यवहारगत सुधार र आधुनिक प्रविधिको प्रयोगलाई समेटिएको छ ।
कर्मचारीहरूको दैनिक व्यवहार र आचरण सुधारमा विशेष जोड दिइएको छ, जसमा नागरिकप्रति देखाउनुपर्ने शिष्टाचार, कृतज्ञता, समानुभूति र कामप्रतिको तत्परता समावेश विषयमा प्रशिक्षित गराइँदैछ । सेवाग्राहीसँगको सम्बन्धलाई मजबुत बनाउन सञ्चार र अन्तर्वैयक्तिक सीप अन्तर्गत शारीरिक हाउभाउ, टेलिफोन शिष्टाचारका साथै इमेल, ह्वाट्सएप जस्ता आधुनिक सामाजिक सञ्जालको मर्यादित प्रयोग र सेवाग्राहीका कुरा सक्रियतापूर्वक सुन्ने तथा उनीहरुलाई बुझाउने कला सिकाइनेछ ।
त्यसैगरी, फ्रन्ट डेस्कमा सधैँ आइपर्ने मानसिक दबाबलाई झेल्न कर्मचारीहरुलाई कार्यस्थलको वास्तविक कार्यचाप, विवाद र गुनासो व्यवस्थापन, आकस्मिक भीड नियन्त्रण तथा आत्म–तनाव व्यवस्थापनका व्यावहारिक उपायहरू सिकाइनेछ । तालिममा नवीनतम प्रविधि र सामाजिक समावेशीकरणलाई निकै महत्व दिइने बताइएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी र छिटोछरितो बनाउन कृत्रिम बौद्धिकता (एआई)को प्रयोग कसरी गर्ने भन्ने प्राविधिक ज्ञान यसमा समेटिएको छ ।
साथै, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समाजका हरेक वर्गका सेवाग्राहीलाई कसरी सम्मानजनक व्यवहार गर्ने भन्ने चेतना जगाइनेछ । कर्मचारीले आफ्नो कार्यस्थलमा फर्केपछि दिगो सुधार ल्याउनका लागि सेवाउन्मुख सोचका साथ आआफ्नो व्यक्तिगत कार्ययोजना र प्रतिबद्धता समेत तयार पार्नुपर्नेछ ।
सरकारी कर्मचारीहरूमा व्यावसायिकता विकासका लागि निजी क्षेत्रमा उत्कृष्ट सेवा प्रवाह गरिरहेका प्रतिष्ठित बैंक, वित्तीय संस्था, बहुराष्ट्रिय कम्पनी र होटलका अनुभवी प्रशिक्षक तथा व्यवस्थापकहरूलाई विज्ञका रुपमा आमन्त्रण गरिने बताइएको छ ।
सरकारले यसलाई १०० बुँदे कार्यक्रममै रहेको मुख्य कार्यसम्पादन सूचकसँग जोडेको छ । मन्त्रालयका सहसचिव अधिकारीका अनुसार अब प्रत्येक कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन यही सूचकका आधारमा हुनेछ । उत्कृष्ट काम गर्ने फ्रन्ट डेस्कका कर्मचारीहरूलाई प्रोत्साहन गर्न उहाँहरुको कार्यसम्पादन मूल्याङ्कनमार्फत गर्न सकिनेछ ।
मन्त्रालयकाअनुसार तालिम लिएर कार्यस्थलमा फर्किएका कर्मचारीहरूको व्यवहारमा के कस्तो परिवर्तन आए नआएका भनि जाँच्न कार्यालय प्रमुखहरूलाई जिम्मेवार बनाइँदैछ । यसका लागि डिजिटल माध्यममार्फत सेवाग्राही र कार्यालय प्रमुख दुवैबाट प्रतिक्रिया लिइनेछ भने केन्द्रबाट आकस्मिक निरीक्षण र अनुगमन समेत गरिने रणनीति बनाइएको छ ।
असार मसान्तभित्र सङ्घीय तहका एक हजार २० जनालाई भौतिक रूपमा तालिम दिने लक्ष्य राखिएको छ । यद्यपि देशैभरिका हजारौँ कर्मचारीलाई यसरी भौतिक रूपमा समेट्न समय र स्रोतको चुनौती छ । त्यसैले, आगामी आर्थिक वर्षदेखि यसलाई पूर्ण रूपमा 'अनलाइन ढाँचामा रूपान्तरण गर्ने गरी पाठ्यक्रम तयार पार्ने काम भइरहेको सहसचिव अधिकारीले बताए ।
उनले फ्रन्ट डेस्कमा बस्नका लागि यो कोर्स अनिवार्य उत्तीर्ण गरेको हुनुपर्ने प्रणाली स्थापना गरिने बताए । सङ्घीय सरकारको यो सफल प्रयोगलाई चाँडै नै प्रदेश सरकारका सुशासन केन्द्रहरू र स्थानीय तहहरूसँग समेत समन्वय गरी देशैभरिका पालिका र जिल्लास्तरका कार्यालयहरूमा विस्तार गर्न तयारी समेत भइरहेको छ । रासस

# प्रधानमन्त्रीको अभिव्यक्ति निन्दनीय छः गगन थापा



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले आइतबार प्रतिनिधिसभामा बोलेको अभिव्यक्ति निन्दनीय रहेको टिप्पणी गरेका छन् । सोमबार कांग्रेसको नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा बोल्दै उनले प्रधानमन्त्री बालेनले बोलेको विषयमा आपत्ति जनाएका हुन् ।
'आइतबार प्रधानमन्त्रीले एउटा कुरा बोल्नुभयो, नेपालको सार्वभौमिकता, नेपालको भौगोलिक अखण्डता र नेपालको राष्ट्रिय सुरक्षासँग जोडिएको यस्तो संवेदनशील विषयमा सम्माननीय प्रधानमन्त्री ज्युले राखेको विषय निन्दनीय छ । घोर आपत्तिजनक छ ।' उनले यसमा नेपाली कांग्रेस पार्टीले सम्पूर्ण रूपमा विरोध गर्ने जनाए ।
सीमा विवादजस्तो संवेदनशील विषयमा देशहरूका निश्चित अडान हुने उनले बताए । प्रधानमन्त्रीले नबुझेर बोलेको भए चिन्ताजनक र जानीजानी बोलेको भए खतरनाक रहेको उनको भनाइ छ ।

# रवि लामिछाने पुगे दिल्ली भाजपाका नेताले गरे स्वागत



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने पाँच दिने औपचारिक भ्रमणका क्रममा सोमबार दिउँसो भारतको नयाँ दिल्ली पुगेका छन् ।
भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नितीन नवीनको औपचारिक निमन्त्रणामा नयाँ दिल्ली पुगेका लामिछानेलाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भाजपाका राष्ट्रिय महासचिव अरुण सिंह र विदेश विभाग प्रमुख विजय चौथाइवालेले स्वागत गरेका हुन् ।
पार्टी–पार्टीबीचको सम्बन्ध विस्तार र दलीय अभ्यासको आदानप्रदानका लागि रास्वपाको तर्फबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो । दिल्ली बसाइका क्रममा लामिछानेले भाजपाका शीर्ष नेतृत्वसँग द्विपक्षीय हितका विषयमा छलफल गर्ने कार्यक्रम छ ।
यसबाहेक उनले भारतमा रहेका नेपाली समुदायसँग अन्तर्क्रिरया गर्ने र ऐतिहासिक शहर अयोध्याको समेत भ्रमण गर्ने कार्यतालिका रहेको रास्वपाले जनाएको छ ।

# संसद्मा भएको तोडफोड छानबिन गर्न बनाइयो समिति




**काठमाडौँ ।**
प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरूले गरेको तोडफोड र भौतिक क्षतिबारे छानबिन गर्न सभामुख डीपी अर्यालले एक छानबिन समिति गठन गरेका छन् ।
सभामुख अर्यालले सोमबारको प्रतिनिधि सभा बैठकमा तोडफोडको घटनाप्रति दुःख व्यक्त गर्दै संसद् सचिवालयका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको जानकारी गराएका हुन् । समितिको सदस्यहरूमा सङ्घीय संसद्को योजना शाखा प्रमुख र प्रविधि शाखा प्रमुख रहेका छन् ।
आइतबारको बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहले नेपालले पनि भारतको जमिन मिचेको भनी दिएको अभिव्यक्तिको विरोधमा विपक्षी दलका सांसदहरूले रोस्टम घेराउ गर्दै नाराबाजी गरेका थिए ।
सोही क्रममा आक्रोशित सांसदहरूबाट संसद् भवनभित्रका कुर्सी, टेबल तथा माइकहरू तोडफोड भई भौतिक क्षति पुगेको थियो ।

# डीडीसीबाट सुधारको सुरुआत गरिएको हो, निजी क्षेत्रलाई उपेक्षा गर्ने सरकारको कुनै नीति छैन




**ललितपुर ।**
कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले दुग्ध क्षेत्रको दिगो विकासका लागि तीनै तहका सरकार, कृषक, निजी क्षेत्र र सरोकारवालाबिच आपसी सहकार्य आवश्यक रहेको बताएकी छन् । २६ औँ राष्ट्रिय दुग्ध दिवसको अवसरमा सोमबार ललितपुरमा आयोजित एक विशेष कार्यक्रममा बोल्दै उनले यस्तो कुरा बताएकी हुन् । दुग्ध व्यवसायलाई थप प्रभावकारी र व्यावसायिक बनाउन जलवायुमैत्री पशुपालन, आहारा व्यवस्थापन, पशु स्वास्थ्य तथा बजार व्यवस्थापनका क्षेत्रमा थप सुधार आवश्यक रहेको भन्दै सरकार यसका लागि निरन्तर लागिपरेको उनले स्पष्ट पारिन् ।
कार्यक्रममा बोल्दै मन्त्री चौधरीले दुग्ध क्षेत्रले हाल उत्पादन लागतमा भएको वृद्धि, उपभोक्ताको घट्दो संख्या, भौगोलिक जटिलता, पशु रोग व्यवस्थापन, जलवायु परिवर्तन, अपर्याप्त बजारीकरण तथा किसानले समयमै भुक्तानी नपाउने जस्ता बहुआयामिक चुनौतीहरू सामना गरिरहेको उल्लेख गरिन् ।
उनले दुग्ध उत्पादन गर्ने किसानहरूको लामो समयदेखिको बक्यौता भुक्तानी प्रक्रियालाई दुग्ध विकास संस्थान (डीडीसी) ले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी समेत दिइन् ।
आफ्नो सम्बोधनका क्रममा मन्त्री चौधरीले भनिन्, 'समग्र दुग्ध क्षेत्रको विकासका लागि तीनै तहको सरकार, कृषक, निजी क्षेत्रका व्यवसाय र सरोकारवालाहरूसँग हातेमालो गर्दै जलवायुमैत्री पशुपालन, आहारा व्यवस्थापन, पशु स्वास्थ्य व्यवस्थापन र बजार व्यवस्थापन लगायतका क्षेत्रमा अझै सहकार्य गर्नको लागि आवश्यक पनि छ ।'
उनले सरकारले दुग्ध विकासको क्षेत्रमा दिनप्रतिदिन काम गरिरहेको दाबी गर्दै थपिन्, 'अहिले भुक्तानी समस्या समाधानको लागि दुग्ध विकास संस्थानले कृषकको भुक्तानी प्रक्रियालाई प्राथमिकतामा राख्दै आइराखेको कुरा तपाईंहरूलाई अवगत नै छ र हामीले सकेसम्म दुग्ध क्षेत्रलाई निकै अगाडि बढाउनुपर्छ भनेर काम गरिराखेका छौँ । डीडीसी नेपालको सरकारी संस्थान भएको कारण त्यहाँबाट नै राम्रो कामको सुरुवात गरेका हौँ, निजी क्षेत्रलाई उपेक्षा गरेको होइन ।'
मन्त्री चौधरीले डीडीसी सरकारी स्वामित्वको संस्था भएकाले सरकारले आफ्नै निकायबाट सुधार र सकारात्मक कामको सुरुआत गरेको स्पष्ट पारिन् । निजी क्षेत्रलाई उपेक्षा गर्ने वा पाखा लगाउने सरकारको कुनै पनि नीति नरहेको प्रस्ट पार्दै उनले निजी र सरकारी दुवै क्षेत्रको सहअस्तित्वले मात्रै दुग्ध बजारलाई सुरक्षित र भरपर्दो बनाउन सकिने धारणा व्यक्त गरिन् । रासस

# पपुवामा रहस्यमय विस्फोट पाँच जनाको मृत्यु



**जकार्ता ।**
इन्डोनेसियाको पूर्वी पपुवा क्षेत्रमा रहेको एक माछा मार्ने गाउँमा आइतबार भएको शक्तिशाली विस्फोटबाट कम्तीमा पाँच जनाको ज्यान गएको छ भने करिब २० जना घाइते भएका छन् । प्रहरीले यो विस्फोट दोस्रो विश्वयुद्धकालीन बाँकी रहेको बम वा मोर्टारका कारण भएको हुनसक्ने आशङ्का गरेको छ ।

स्थानीय समयानुसार आइतबार दिउँसो भएको विस्फोटले गाउँभर ठूलो त्रास फैलाएको थियो । कोम्पास टिभीले प्रसारण गरेको दृश्यमा विस्फोटसँगै ठूलो गर्जन सुनिएको, आगोको ठूलो मुस्लो उठेको र त्यसपछि बाक्लो धुवाँको बादल आकाशतर्फ फैलिएको देखिएको छ । विस्फोट यति शक्तिशाली थियो कि घटनास्थल वरपरका नौवटा घर पूर्ण रूपमा ध्वस्त भएका छन् । प्रहरीका अनुसार विस्फोट एउटा स्टिल्ट हाउस अर्थात् खम्बामाथि बनाइएको घरमुनि भएको थियो । प्रारम्भिक अनुसन्धानका आधारमा यसको स्रोत दोस्रो विश्वयुद्धताका प्रयोग भएको बम वा मोर्टार हुन सक्ने अनुमान गरिएको छ ।

पपुवा प्रहरीका प्रवक्ता काह्यो सुकार्निटोले एएफपीसँग कुरा गर्दै भने, विस्फोटको स्रोत दोस्रो विश्वयुद्धबाट बाँकी रहेको बम वा मोर्टार हुनसक्ने आशङ्का गरिएको छ । घटनापछि खोज तथा उद्धार कार्य जारी रहे पनि अवस्था अझै स्पष्ट भइसकेको छैन । तीन जना अझै बेपत्ता रहेको विवरण सार्वजनिक गरिएको छ । काह्योका अनुसार घटनास्थलबाट फेला परेका केही मानव अङ्गहरूको पहिचान प्रक्रिया पनि अझै पूरा हुन सकेको छैन ।

उनले कम्तीमा १९ जनालाई सामान्य चोटपटक लागेको र उनीहरूको उपचार भइरहेको जानकारी दिए । साथै, खोजी कार्य र अनुसन्धान सम्पन्न भएपछि थप विवरण सार्वजनिक गरिने पनि बताए । पीडितहरूको खोजी र अनुसन्धान प्रक्रिया पूरा भएपछि हामी थप जानकारी दिनेछौँ, उनले भने । इन्डोनेसियामा विस्फोटसँग सम्बन्धित यस्ता घटनाहरू यसअघि पनि भएका छन् । गत वर्ष पश्चिम जाभा प्रान्तमा इन्डोनेसियाली सेनाले प्रयोगबाहिर रहेका हतियारहरू नष्ट गर्ने क्रममा खाडलभित्र विस्फोट गराउँदा १३ जनाको मृत्यु भएको थियो । मृतकमध्ये नौ जना सर्वसाधारण थिए ।

दोस्रो विश्वयुद्धका क्रममा इन्डोनेसिया एसियाको प्रमुख युद्धस्थलमध्ये एक बनेको थियो । त्यसबेला जापानी सेनाले डच इस्ट इन्डिजमाथि कब्जा गरेको थियो भने नियन्त्रण पुनः प्राप्त गर्न सहयोगी सेनाहरूले व्यापक सैन्य अभियान सञ्चालन गरेका थिए ।

त्यस समयका विस्फोटक सामग्री र सैन्य अवशेषका कारण दशकौँपछि पनि कतिपय क्षेत्रमा जोखिम कायम रहेको मानिन्छ । रासस

# महीको बिक्रीबाट आम्दानी बटुल्दै सन्तोष

**बाँके ।**
कोहलपुर नगरपालिका–१० का सन्तोष पौडेल हाले 'ठेकी स्वादको मही' लाई व्यावसायिक रूपमा 'ब्रान्डिङ' गरी स्थानीय बजारमा बिक्री गर्दै आएका छन् । परम्परागत स्वाद हराउँदै गएको समयमा कोहलपुरका पौडेलले पुरानै शैलीलाई आधुनिक बजारसँग जोड्ने प्रयास गरिरहेका छन् । उनको यो प्रयासले स्थानीय उत्पादनलाई मात्र होइन, नेपाली मौलिक खानपान संस्कृतिलाई नयाँ पुस्तासम्म जोगाइराख्ने विश्वास गरिएको छ ।



सन्तोषले हाल मदानीले दही मथेर पुरानो शैलीमा मही बनाउने गरेका छन् । काठको ठेकीमा दहीलाई मथेर पारेको महीको स्वादले पारखीहरु पल्कन थालेपछि उनको महीको व्यापार बढेको छ । त्यसैले उहाँले सञ्चालन गर्दै आएको 'ए–वान डेरी उद्योग' अहिले कोहलपुर क्षेत्रमा ठेकी महीका लागि परिचित बन्दै गएको छ । विगत एक दशकदेखि दुग्धजन्य पदार्थको व्यवसायमा सक्रिय पौडेलले सुरुमा सामान्य डेरी व्यवसायबाट यात्रा थाले पनि पछिल्ला वर्षमा मही उत्पादनमा विशेष ध्यान दिएको छ ।

उनका अनुसार बजारमा मेसिनबाट तयार हुने मही सजिलै पाइए पनि आगोमा पकाइएको दुध र ठेकीमा मथिएको महीको स्वाद फरक हुने भएकाले उपभोक्ताले यसलाई रुचाउन थालेका छन् । उनको उद्योगमा अहिले दैनिक ४०० लिटर ठेकीबाट बनाइएको मही उत्पादन हुन्छ । यसबाहेक करिब डेढ सय लिटर खुला मही पनि बिक्री हुँदै आएको छ । पाँच सय मिली लिटरको बोतलमा 'प्याक' गरिएको मही स्थानीय बजारमा पुग्ने गरेको छ भने खुला मही उद्योगबाटै बिक्री हुन्छ ।

ठेकी मही बनाउने प्रक्रिया लामो छ । दाउराको चुलोमा मनतातो गरी दुध तताइन्छ । त्यसपछि मेसिनबाट क्रिम अलग गरिन्छ । पुनः सोही दुधलाई चुलोमा उमालिन्छ र आवश्यक तापक्रममा चिस्याएपछि दहीको जोडन हालेर निश्चित समय हिटिङ रुममा राखिन्छ । दही जमिसकेपछि आवश्यक मात्रामा ठेकीमा राखेर मदानीले मथिन्छ । यही प्रक्रियापछि तयार हुने महीमा आगोको स्वाद र काठको प्राकृतिक गन्ध मिसिने भएकाले यसको स्वाद फरक हुने पौडेलले बताए ।

उनका अनुसार उपभोक्ता स्वादसँगै स्वास्थ्यप्रति सचेत बन्दै गएका छन् । महीले पाचन प्रणाली सुधार गर्ने, शरीरलाई चिस्यान दिने, एसिडिटी कम गर्ने, थकान हटाउने, क्याल्सियम उपलब्ध गराउने तथा रक्तचाप नियन्त्रणमा सहयोग पु¥याउने विश्वासले पनि यसको माग बढिरहेको उनी बताउँछन् । राजनीतिमा सेवा भावले लागेँ । तर, जीवन धान्न नसकेपछि अहिले व्यवसायमै बढी समय दिइरहेको छु,पौडेलले भने ।

पौडेलको व्यवसायमा परिवारका सदस्यसहित अन्य चार जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । उद्योग सञ्चालन गर्न लुम्बिनी प्रदेश सरकार तथा कोहलपुर नगरपालिकाबाट केही मेसिनरी सामग्री उनले प्राप्त गरेको छ । नगरपालिकाले उपलब्ध गराएको ५० प्रतिशत अनुदानमा ऊ अटोमार्फत मही बजारसम्म पु¥याउन पौडेललाई सजिलो भएको छ । स्थानीय उत्पादनलाई राष्ट्रियस्तरमा चिनाउने लक्ष्य बोकेका पौडेलले स्वच्छ पिउने पानी उत्पादनका लागि आवश्यक फिल्टर प्रणालीमा अनुदान वा सहुलियत उपलब्ध भए उत्पादन विस्तार र ब्रान्डिङ अझ प्रभावकारी बन्ने बताए । रासस

# इरान–अमेरिका आक्रमण तीव्र

**दुबई ।**
इरान र संयुक्त राज्य अमेरिकाबीचको तनाव पुनः तीव्र बन्दै जाँदा दुवै पक्षले एकअर्काका सैन्य तथा रणनीतिक लक्ष्यहरूमा आक्रमण गरेका छन् । अमेरिकी सेनाले इरानका राडार र ड्रोन नियन्त्रण साइटहरूमा हवाई आक्रमण गरेको पुष्टि गरेको छ भने इरानले अमेरिकी ड्रोन खसालेको र जवाफी कारबाही गरेको स्वीकार गरेको छ । यसैबीच कुवेतले आफ्नो हवाई सुरक्षाले ड्रोन र क्षेप्यास्त्र आक्रमणहरूलाई रोक्न सफल भएको जनाएको छ ।



अमेरिकी सेनाका अनुसार यो पछिल्लो कारबाही इरानद्वारा अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू–१ प्रिडेटर ड्रोनलाई खसालेको घटनाको प्रतिक्रियास्वरूप गरिएको हो । इरानले सप्ताहन्तमा सो ड्रोनलाई निशाना बनाएको थियो । त्यसपछि क्षेत्रीय तनाव थप बढेको बताइएको छ ।

अमेरिकी सेन्ट्रल कमान्डले शनिबार र आइतबार इरानको गेरुक सहर र केशम टापु आसपासका क्षेत्रहरूमा लक्षित आक्रमण गरिएको जानकारी दिएको छ ।

कमान्डका अनुसार यी आक्रमणहरू 'मापन गरिएको र योजनाबद्ध' थिए र इरानका आक्रामक गतिविधिहरूको प्रतिउत्तरस्वरूप गरिएको हो ।

सेन्ट्रल कमान्डद्वारा जारी वक्तव्यमा भनिएको छ, "अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू–१ ड्रोनमाथि भएको आक्रमणलगायतका इरानी आक्रामक कार्यहरूको प्रतिक्रियामा यी आक्रमणहरू गरिएको हो ।" उक्त वक्तव्यमा भनिएको छ, अमेरिकी लडाकू विमानहरूले इरानका हवाई रक्षा प्रणाली, एउटा ग्राउन्ड कन्ट्रोल स्टेशन तथा दुईवटा एकतर्फी आक्रमण ड्रोनहरू नष्ट गरेका छन्, जसले क्षेत्रीय जलमार्गमा चलिरहेका जहाजहरूका लागि खतरा उत्पन्न गरिरहेको थियो ।

अमेरिकी सेनाले आक्रमणमा कुनै पनि अमेरिकी सैनिकको हताहत नभएको स्पष्ट पारेको छ । यद्यपि प्रिडेटर ड्रोन हाल सेवाबाट हटाइए पनि अमेरिकी सेना अझै पनि यसको प्रयोग सीमित रूपमा गर्दै आएको उल्लेख गरिएको छ ।

यता इरानले पनि अमेरिकी कारबाहीको जवाफी प्रतिक्रिया दिएको जनाएको छ । इरानी रिभोलुसनरी गार्डले राज्य सञ्चालित आइआरएनए समाचार एजेन्सीमार्फत जारी गरेको वक्तव्यमा अमेरिकी सेनाले एउटा टापुस्थित टेलिकम्युनिकेसन टावरलाई निशाना बनाएको दाबी गरिएको छ । यद्यपि उक्त घटनाको विस्तृत स्थानबारे स्पष्ट जानकारी दिइएको छैन ।

इरानले अमेरिकी ड्रोन खसालिएको घटनालाई आफ्नो हवाई सुरक्षा प्रणालीको सफल कदमका रूपमा प्रस्तुत गरेको छ भने अमेरिका र इरान दुवैले आ–आफ्नो कारबाहीलाई 'जवाफी र आवश्यक' भन्दै व्याख्या गरेका छन् । यसबीच कुवेतले पनि सोमबार बिहान आफ्नो हवाई सुरक्षाले देशतर्फ प्रवेश गरिरहेका ड्रोन र क्षेप्यास्त्रहरूलाई रोक्न सफल भएको जनाएको छ । कुवेती अधिकारीहरूले तत्कालै सुरक्षा सतर्कता बढाइएको र सम्भावित क्षतिबाट जोगिन सक्रिय कदम चालिएको बताएका छन् ।

क्षेत्रीय रूपमा फैलिँदो यो तनाव इरान युद्धपछिको एक हप्ते युद्धविरामको कमजोर अवस्थासँग जोडिएको देखिन्छ । युद्धविराम कायम राख्ने प्रयास भइरहे पनि बारम्बार आक्रमण र प्रतिआक्रमणले अवस्था थप जटिल बन्दै गएको छ ।

यसैबीच इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कायम राखिरहेको बताइएको छ । यो जलघाँटी विश्वव्यापी ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग हो । पर्सियन खाडीको साँघुरो मुखबाट विश्वको करिब पाँचौँ हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने भएकाले यो क्षेत्र अन्तर्राष्ट्रिय चासोको केन्द्रमा रहेको छ ।

उता इजरायल र हिजबुल्लाहबीचको तनाव पनि निरन्तर बढिरहेको छ । इजरायलले लेबनानमा लिटानी नदीभन्दा परसम्म आफ्नो सैन्य कारबाही विस्तार गरिरहेको छ भने इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ ड्रोन आक्रमण जारी राखेको छ, जसले क्षेत्रीय अस्थिरता अझ गहिरो बनाएको छ । रासस

# साफ महिला च्याम्पियनसिप खेल्न प्रति गोवामा, सेमिफाइनलका लागि उपलब्ध हुने



**काठमाडौं ।**
नेपालकी मिडफिल्डर प्रीति राई दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला फुटबल च्याम्पियनसिपका लागि गोवा पुगेकी छन् । प्रीति कम्बोडियाबाट सिंगापुर र दिल्ली हुँदै गोवा पुगेकी हुन् । उनलाई टोली व्यवस्थापक सुरेश शाहले स्वागत गरेका थिए ।

अखिल नेपाल फुटबल संघ (एन्फा) प्रवक्ता पनि रहेका शाहले सोमबार आराम गरेपछि प्रीति सेमिफाइनलसम्म फ्रेस हुने बताए । 'प्रीति लामो यात्रा तय गरेर आइपुगेकी छन् । उनी आज आराम गर्नेछिन् । सेमिफाइनल अगाडिसम्म प्रीति फ्रेस भइसक्नेछिन्,' उनले भने ।

प्रीति हाल कम्बोडियन क्लब प्रेह खान रिच स्वाय रिएङ एफसीबाट व्यवसायिक फुटबल खेलिरहेकी छन् ।

क्लबले रिलिज नगरेका कारण प्रीतिले समूह चरण अन्तर्गत भुटान र श्रीलंकासँगको खेल गुमाएकी थिइन् ।

फिफाको विन्डो जुन १ देखि ९ तारिखसम्म मात्र छ । त्यसअगाडिको खेलको लागि क्लबहरू आफ्ना खेलाडी छाड्न बाध्य हुँदैनन् । त्यसैले प्रेहले पनि प्रीतिलाई रिलिज गरेको थिएन ।

नेपालले सेमिफाइनलमा साविक विजेता बंगलादेशको सामना गर्नेछ । यो खेल गोवाको जवाहरलाल नेहरु रंगशालामा बुधबार हुनेछ ।

# चियाबारीको हरियालीमा फर्किंदै ल्वाङको पर्यटन

**कास्की ।**
डाँडाभरि फैलिएको हरियो चियाबारी, पृष्ठभूमिमा टल्किरहेका अन्नपूर्ण र माछापुच्छ्रे हिमाल, वरिपरि छरिएका परम्परागत गुरुङ बस्ती र शान्त ग्रामीण परिवेश । यी सबै दृश्य एकै ठाउँमा देख्न पाइन्छ कास्कीको ल्वाङ गाउँमा । पछिल्ला वर्षहरूमा यही चियाबारी ल्वाङको पहिचान मात्र होइन, पर्यटन विकासको मुख्य आधार बनेको छ ।

पोखरा महानगरपालिका–२५ हेम्जाबाट खानेपानी, भेडाबारी र खोलामुख हुँदै ल्वाङ गाउँ पुग्न सकिन्छ । पदयात्रा गर्नेहरूका लागि मर्दी खोलाको किनारैकिनार वनपाखा र भिर हुँदै करिब चार घण्टाको रमणीय यात्रा तय गर्न सकिन्छ ।

गाउँको माथिल्लो भागमा फैलिएको करिब एक हजार २०० रोपनी क्षेत्रफलको चियाखेतीले यहाँ पुग्ने जो–कोहीलाई पहिलो नजरमै आकर्षित गर्छ । हरियाली चियाका बोटबीचबाट देखिने हिमाली दृश्य र प्राकृतिक शान्त वातावरणले आगन्तुकलाई लामो समयसम्म त्यहीँ रमाउन बाध्य बनाउँछ । स्थानीयवासीका अनुसार ल्वाङको चियाबारीले पूर्वी नेपालको इलामको झल्को दिन्छ । तर, यहाँको चियाबारी केही विशेष पनि छ । ल्वाङमा चियाबारीसँगै अन्नपूर्ण र माछापुच्छ्रे हिमालको दृश्य पनि एकैसाथ अवलोकन गर्न सकिन्छ । यही विशेषताले ल्वाङलाई अन्य ग्रामीण पर्यटन गन्तव्यभन्दा फरक पहिचान दिएको छ ।



यहाँ उत्पादन हुने चिया विदेशसम्म निर्यात हुँदै आएको छ । चियाखेतीले स्थानीयलाई रोजगारी र आम्दानीको स्रोत प्रदान गरेको छभने पर्यटकका लागि नयाँ आकर्षण थपेको छ । विशेषगरी युवापुस्ताले सामाजिक सञ्जालमा चियाबारीका तस्बिर र भिडियो सार्वजनिक गर्न थालेपछि ल्वाङको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

ल्वाङको पर्यटन केवल चियाबारीमा सीमित छैन । गाउँमा पुग्ने पर्यटकले गुरुङ समुदायको संस्कृति, परम्परा र जीवनशैलीलाई नजिकबाट अनुभव गर्न पाउँछन् । परम्परागत घर, स्थानीय वेशभूषा, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले यहाँको बसाइलाई थप स्मरणीय बनाउने गरेको छ ।

गाउँमा सञ्चालन भइरहेको घरबास (होमस्टे) कार्यक्रमले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ । विसं २०६७ मा सात घरबाट सुरु भएको घरबास सेवा अहिले २६ घरमा विस्तार भइसकेको छ । एकै रातमा करिब ४०० पाहुनालाई बसोबास गराउन सक्ने क्षमता रहेको घरबासमा पर्यटकीय याममा दैनिक ६०० जनासम्म पर्यटक बस्ने गरेको घरबास सञ्चालक सदस्य देवराज गुरुङले बताए ।

यहाँ मुख्य रूपमा आन्तरिक पर्यटक आउने गर्छन् । पोखरा, तनहुँ, स्याङ्जा, बागलुङलगायत जिल्लाबाट पर्यटकको आवागमन बढी हुन्छ, उनले भने, कोभिड–१९ पछि विदेशी पर्यटकको संख्या केही घटे पनि पोखराबाट नजिकको दूरीमा रहेकाले जुनसुकै मौसममा घुम्न आउनेको कमी छैन । घरबासमा बस्ने पर्यटकलाई स्थानीय जीवनशैलीसँग घुलमिल हुने अवसर प्रदान गरिन्छ । इच्छुक पाहुनालाई करेसाबारीमा लगेर खेतीपाती गर्ने तरिका सिकाइन्छ भने स्थानीय परिकार बनाउने विधि देखाइन्छ । यसले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिलाउने गरेको छ ।

ल्वाङको भान्सामा पनि स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ । गाउँमै उत्पादन हुने मकै, कोदो, जौ, गहुँ र तरकारीबाट तयार गरिएका परिकार यहाँको विशेषता हुन् । बर्खायाममा निउरो र टुसाका परिकारले विशेष स्वाद थप्छन् । प्राकृतिक सौन्दर्यका कारण ल्वाङ चलचित्रकर्मीहरूको पनि रोजाइमा परेको छ । नेपाली चलचित्र 'प्रसाद–२' र 'दुई नम्बरी' लगायत चलचित्रको छायाङ्कन यहाँ भइसकेको छ । चलचित्रमार्फत गाउँको सुन्दरता राष्ट्रियस्तरमा थप प्रचार भएको स्थानीयवासीको भनाइ छ ।

विदेशी रोजगारीका लागि गाउँ छाडेका केही युवाहरू अहिले फर्किएर पर्यटन व्यवसायमा संलग्न हुन थालेका छन् । घरबास, चियाखेती, कृषि तथा पर्यटनसँग सम्बन्धित अन्य गतिविधिबाट गाउँमै रोजगारीका अवसर सिर्जना हुन थालेपछि युवाहरूमा नयाँ आशा जागेको छ । स्थानीयवासीका अनुसार स्तरीय सडक, पदमार्ग, खानेपानी, होटल तथा अन्य पर्यटन पूर्वाधारको थप विकास गर्न सके ल्वाङले अन्तरराष्ट्रिय स्तरको ग्रामीण पर्यटन गन्तव्यका रूपमा अझ सशक्त पहिचान बनाउन सक्छ ।

हरियाली चियाबारी, हिमालको अनुपम दृश्य, गुरुङ संस्कृतिको जीवन्तता र आत्मीय आतिथ्यको सङ्गमले ल्वाङ गाउँलाई गण्डकी प्रदेशकै महत्वपूर्ण ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित गराएको छ । प्रकृतिको काखमा बसेर ग्रामीण नेपालको मौलिक स्वाद लिन चाहनेहरूका लागि ल्वाङ आज एक अविस्मरणीय गन्तव्य बनेको छ । रासस

# १३ बुँदे घोषणा पत्र जारी गर्दै सकियो बागमती साहित्य महोत्सव




**चितवन ।**
गत शनिबारदेखि सुरु बागमती साहित्य महोत्सवको देस्रो संस्करण तेह्र बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना र भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठानको संयोजनमा आयोजित महोत्सवमा प्रदेशका १३ जिल्लाका साहित्यकारको सहभागिता थियो ।

महोत्सवले कविता, उपन्यास तथा नाट्यलगायत सिर्जनालाई अर्थतन्त्रसँग जोड्ने गरी साझेदारी र सहकार्य हुनेगरी परियोजना निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । साथै भाषा साहित्य, सङ्गीत, नाट्य तथा ललितकला, संस्कृतिको संरक्षण, अनुसन्धान र प्रवद्र्धनका लागि आगामी दिनमा पनि निरन्तरता दिने घोषणापत्रमा उल्लेख छ ।

यस प्रकारका महोत्सवहरूलाई निरन्तरता दिनका लागि सङ्घीय, प्रादेशिक, जिल्ला, स्थानीय तहका सरकार र क्रियाशील प्राज्ञिक संस्थाहरूले हरेक वर्षको नीति तथा कार्यक्रममा समावेश गरिनुपर्ने माग गरिएको छ । रासस

# चित्रकार यादवको मिथिला चित्रकला

**काठमाडौँ ।**
चित्रकार हरेराम यादवले मिथिला चित्रकलालाई केन्द्रमा राखेर एकल चित्रकला प्रदर्शनी गरेका छन् । बबरमहलस्थित काठमाडौँ आर्ट ग्यालरीमा उनले ‘सिराहादेखि काठमाडौँ’ शीर्षकमा चित्रकला प्रर्दशनी गरेका हुन् ।

हिमालयन लाइटआर्ट अवार्डको अवार्ड प्राप्त गरेरपछि उनले यसै कार्यक्रमअन्तर्गत बनाएका चित्र प्रदर्शनी गरेका हुन् । बिहीबार हिमालयनआर्ट अवार्डका निर्देशक जस्टिन झाओ र चित्रकार एससी सुमनले संयुक्त रुपमा उक्त चित्र प्रदर्शनी उद्घाटन गरेका थिए । कला प्रदर्शनी यही जेठ २६ सम्म चल्नेछ ।



हिमालयन लाइट आर्ट अवार्ड सन्, २०१९ देखि सुरु भएको निर्देशक जस्टिन झाओले जानकारी दिए । उनका अनुसार अहिले सम्म उक्त अवार्ड कार्यक्रमबाट पृथ्वी श्रेष्ठ, मान गुरुङ, लभकान्त चौधरी, जगदिश मोक्तान, प्रियंकासिंह महर्जन, सुवास तामाङ, सुरेश बस्नेत, रिती महर्जनले प्राप्त गरिसकेका छन् ।

चित्रकार यादवले – आफ्ना चित्र कृतिहरूमा छठ पर्व, गोवर्धन पूजा, सामा–चकेवा, झिझिया नृत्य आदि जस्ता लोकदेवता तथा सांस्कृतिक परम्परासँग सम्बन्धित विषयवस्तुलाई चित्रण गरेको बताए ।

मिथिला कलाको इतिहास सन्, १९६० देखि सुरु भएको हो । भित्तेचित्रबाट सुरु भएको मिथिला कला कागज र क्यानभाससम्म विकसित हुँदै आएको छ । रासस

# बचत रकम फिर्ता गर्न छ हजार बढीको उजुरी

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिका सहकारी विभागमा चार अर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्ता गरीदिनका लागि छ हजारभन्दा बढी बचतकर्ताले माग गरेका छन् । कामपा सहकारी विभागका अनुसार पछिल्लो समय बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको हो ।

सहकारी विकागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएका उजुरीका आधारमा छ हजार ३०० बचतकर्ताले माग गरेका छन् । यसरी माग दाबी गर्ने बचतकर्तामा एक लाखदेखि पाँच लाखसम्मको रकम बढी रहेको उनले जानकारी दिए । प्रमुख काफ्लेले भने, निवेदनका आधारमा औसतमा यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजार जम्मा गर्ने अर्थात् साना रकम जम्मा गर्ने बचतकर्ताको सङ्ख्या अत्यन्तै बढी छ । उनका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको सङ्ख्या ७८ प्रतिशत छ ।

कामपाले गत सोमबार र मङ्गलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको प्रमुख काफ्लेले जानकारी दिए । कामपा–६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन एक लाख ५० हजारसम्म बचत गर्नेको रकम फिर्ता गरेको हो ।

सहकारीले आगामी एक महिनाभित्र रु पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ । कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीलाई पनि ताकेता गर्ने र बचतकर्ताको पनि बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ ।

सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भने, माग दाबीसहितको निवेदन लिन्छौँ । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं ।

वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्ने प्रमुख काफ्लेले बताए । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका लागि सिफारिस पनि गरिने उनले जानकारी दिए । रासस

# आगामी वर्ष दश प्रसारण लाइन निर्माण सम्पन्न गरिने

**काठमाडौँ ।**
आगामी आर्थिक वर्षका लागि ऊर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधारका लागि सरकारले रु ८५ अर्ब ५४ करोड विनियोजन गरेको छ । जसमध्ये निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्न मात्रै रु ७० अर्ब विनियोजन भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०८३÷८४ को बजेटमार्फत ऊर्जा क्षेत्रलाई रणनीतिक महत्व दिँदै उत्पादनदेखि व्यापारसम्म निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले उक्त रकम विनियोजन गरिएको अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।



सरकारले आगामी एक वर्षभित्र कम्तीमा १० प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । विवरणअनुसार सरकारले हेटौँडा–ढल्केवर–इनरुवा ४०० केभी प्रसारण लाइन चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ । साथै, नयाँ खिम्ती–बाह्रबिसे–काठमाडाँ प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ । हेटौँडा–ढल्केबर प्रसारण लाइन निर्माण सुरु भएको लामो समय भए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगमा देखिएको जटिलता, रुख कटानलगायत समस्या समाधानका लागि पछिल्लो पटक ऊर्जामन्त्री बिराज भक्त श्रेष्ठले पहल गरेको थियो । विवरणअनुसार लालबन्दी–नवलपुर–सलिमपुर १३२, कुशाहा–विराटनगर १३२, नेपालगन्ज–नानपारा १३२ केभी प्रसारण लाइन पनि सम्पन्न गर्ने सूचीमा राखिएको छ ।

मन्त्रालयले तय गरेको सूचीअनुसार, कुश्मा–तल्लो मोदी– नयाँ मोदी १३२ केभी प्रसारण लाइन, कालीगण्डकी–रिडी १३२ केभी प्रसारण लाइन पनि एक वर्षभित्रै निर्माण सम्पन्न गर्ने उद्देश्य छ । कोहलपुर– दैलेख–सुर्खेत १३२ केभी प्रसारण लाइन निर्माण भइसकेको छ । यस्तै, तुम्लिङटार–शीतलपाटी २२०, ढल्केबार–बालगङ्गा १३२, भूमई–हाकुई १३२, केभी प्रसारण लाइन र नेपाल–भारत विद्युत् प्रसारण लाइन एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सरकारले बजेटमा हेटौँडा–रातमाटे–लप्सीफेदी–न्यू दमौली–न्यू बुटवल ४०० केभी प्रसारण लाइन निर्माणलाई तीव्रता दिने लक्ष्य राखेको छ । अन्तरदेशीय विद्युत् व्यापार विस्तारका लागि बुटवल–गोरखपुर र इनरुवा–पूर्णिया प्रसारण लाइन प्राथमिकतामा छ । ढल्केवर–मुजफरपुर–सीतामढी, लम्की–दोधारा–बरेली, लमही–लखनऊ, निजगढ–मोतिहारी तथा चिलिमे हब–केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने योजना अगाडि सारिएको छ ।

त्यसैगरी, कर्णाली कोरिडोर राष्ट्रिय प्रसारण लाइनलाई तीव्रता दिने तथा राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरण विस्तार गर्ने घोषणा भएको छ । विभिन्न जलविद्युत आयोजनाबाट उत्पादित विद्युत खेर जान नदिन तथा विद्युत्को माग आपूर्तिको व्यवस्थापन गर्न रणनीतिक रुपमा महत्वपूर्ण मानिएका एक दर्जन विद्युत् प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

स्वच्छ ऊर्जामा आधारित उद्योग प्रवद्र्धन, विद्युतीय सवारीसाधन उत्पादन, चार्जिङ स्टेशन विस्तार तथा ब्याट्री व्यवस्थापनका लागि कर तथा पूर्वाधार प्रोत्साहनको नीति पनि बजेटमा समेटिएको छ । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) नेपालका उपाध्यक्ष उत्तम भ्लोन लामाका अनुसार सरकारले वजेटमार्फत गरेको घोषणा स्वागतयोग्य रहेका बताए । रासस

# मेची–महाकाली उद्धार यात्रा जारी, एक सय ५९ सडक मानवको उद्धार

**गण्डकी ।**
मानवसेवा आश्रम र आनीछोइङ डोल्मा फाउन्डेसनले संयुक्त रुपमा सुरु गरेको ‘मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा’अन्तर्गत हालसम्म १५९ जना सडक मानवको उद्धार गरिएको छ ।

गत वैशाख २७ गते पूर्वको मेचीपुलदेखि सुरु भएको उद्धार यात्रा गण्डकी प्रदेशका विभिन्न जिल्ला हुँदै अहिले सिन्धुपाल्चोक पुगेको मानवसेवा आश्रमका केन्द्रीय महासचिव सुशीला केसीले जानकारी दिए ।

“सातै प्रदेशमा उद्धार यात्राको टोली पुगेको छ, यही जेठ २१ गतेसम्म उद्धार यात्रा जारी रहन्छ, जेठ २२ गते काठमाडौँको राष्ट्रिय सभागृहमा समापन हुनेछ”, उनले भने, “यस अभियानका क्रममा उद्धार गरिएका सहयोगापेक्षी सडक मानवलाई नजिकको मानवसेवा आश्रममा राखिएको छ ।” ‘यो झरी वर्षामा कोही पनि नरहून् सडकमा’ भन्ने आदर्श वाक्यसहित मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा सुरु गरिएको थियो ।



सडक आश्रित असहाय, बेसहारा र अशक्त व्यक्तिहरुको उद्धार तथा संरक्षणका लागि उद्धार अभियान सञ्चालन गरिएको महासचिव केसीले बताए । आनी छोइङ डोल्मा फाउण्डेशनले अभियानका लागि आर्थिक व्यवस्थापन गरेको उनको भनाइ छ । मानवसेवा आश्रमले यसअघि पनि राष्ट्रिय उद्धार यात्रा सञ्चालन गरेको थियो । उद्धार यात्रामा फाउन्डेसनकी अध्यक्ष आनीछोइङ डोल्मा पनि सहभागी छन् । मानवसेवाभन्दा अर्को महान् धर्म कुनै नभएकाले आफू यस अभियानमा जोडएको डोल्माको भनाइ छ ।

जीवनलाई सार्थक बनाउन सबै सेवामा जोडिनुपर्ने उनले बताए ।

मानवसेवा आश्रमले नेपाललाई सडक आश्रित मानवरहित राष्ट्र बनाउने उद्देश्यसहित ‘मानवता प्रवद्र्धन महाअभियान’ सञ्चालन गर्दै आएको छ । परोपकारी संस्थाका रुपमा विसं २०७३ देखि औपचारिक सेवा सुरु गरेको मानवसेवा आश्रम देशभर रहेका सेवा केन्द्रमा हाल दुई हजार बढी अशक्त, बेसहारा र अभिभावकविहीनहरुले आश्रम लिइरहेका छन् ।

मानवसेवा आश्रम सडक आश्रित मानवको उद्धारसँगै पारिवारिक पुनर्मिलनको माध्यम पनि बनेको छ । हालसम्म दुई हजार ८०० जना भन्दा बढीलाई पारिवारिक पुनर्मिलन गराइएको आश्रमले जनाएको छ । सडकबाट उद्धार गरिएका व्यक्तिको पारिवारिक पुनर्मिलनलाई पहिलो प्राथमिकता दिने गरिएको आश्रमका सह–कोषाध्यक्ष सुमिरा लामाले बताए ।

मकवानपुरको हेटौँडामा केन्द्रीय कार्यालय रहेको आश्रमका कास्कीसहित २१ जिल्लामा ३० सेवा केन्द्र छन् । सडकबाट उद्धार गरेर आश्रममा ल्याइएकाको पारिवारिक पुनर्मिलन सम्भव नभए आश्रममै राखेर रेखदेख र पालनपोषण गर्ने गरिएको छ । मानवसेवा आश्रमले हजारौँको संख्यामा सडक आश्रित मानवको उद्धार गरेकामा हालसम्म दुई हजार २०० भन्दा बढी उपचारपछि स्वेच्छिक रुपमा आश्रमबाट बाहिरिएको आश्रमले जनाएको छ ।

कोही पनि नागरिक सडकमा आश्रित हुनु नपरोस् भनेर झण्डै एक दशकअघि मानवसेवा आश्रम स्थापना गरिएको थियो । छोटो अवधिमै देशका विभिन्न जिल्लामा आश्रममा सेवा केन्द्र विस्तार गरिएको छ । सेवा केन्द्र विस्तारसँगै आश्रमका आफ्नै भवनलगायत संरचना बन्ने क्रम सुरु भएको छ ।

गण्डकी प्रदेशमा पनि कास्की, बागलुङ, लमजुङ र गोरखा शाखाको भवन निर्माणाधीन अवस्थामा छ । सरकारी निकाय, विभिन्न सङ्घसंस्था र अन्य दाताहरुको सहयोगमा आश्रमका भवन बनिरहेका हुन् ।

आश्रमले सडक आश्रित मानवहरुको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ । ‘सबैका लागि खाना, नाना र छाना’को आदर्श वाक्यसहित नेपाललाई सडक आश्रित मानवरहित राष्ट्र बनाउने महाअभियानमा मानवसेवा आश्रम जुटेको छ । रासस

# हुम्ला र बाजुरा सीमा विवादबारे जाँचबुझ गर्न गृहको टोली हुम्लामा

**हुम्ला ।**
हुम्ला र बाजुराको सीमा क्षेत्र लाम्पाटामा भएको सीमा विवाद तथा दोहोरो झडपबारे बुझ्न गृह मन्त्रालयद्वारा गठित जाँचबुझ समितिको टोली यहाँ पुगेको छ । प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विमलराज पौडेल नेतृत्वको टोली आइतबार सिमकोट पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिए ।

उनका अनुसार दुई जिल्लाबीच भएको घटनाको स्थलगत यथार्थता बुझ्न यहाँ आएको टोली घटना भएको क्षेत्र लामपाटा, च्याचौर क्षेत्र पुगेर सिमकोट पुगेको हो । टोलीले सिमकोट बसाइँका क्रममा सीमा क्षेत्रका नागरिक, घटनामा संलग्न व्यक्ति र सीमा जोडिएका क्षेत्रका जनप्रतिनिधि, राजनीतिक दलका नेता र नागरिक अगुवासँग घटनाका बारेमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

यसअघि, गत जेठ २ गतेदेखि ४ गतेसम्म सीमाको विषयलाई लिएर हुम्ला र बाजुराका नागरिकबीच भएको झडपले उग्रहरुप लिएपछि गृहमन्त्रालयले टोली गठन गरेको थियो ।

चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले ४० लाख बजेट विनियोजन गरेर उक्त क्षेत्रमा प्रहरीचौकी निर्माण सुरु गरेपछि विवाद भएको हो । सीमा विवादले उग्ररुप लिँदा लाम्पाटामा दुई जिल्लाका स्थानीयबीच झडप हुँदा बाजुराका चार जना घाइते भएका थिए ।

घाइते चारै जनाको हेलिकोप्टरबाट उद्धार गरिएको थियो । सोही विवाद समाधान गर्न यही जेठ ११ गते नापी विभागका उपमहानिर्देशक सुशील डङ्गोलको संयोजकत्वमा अध्ययन टोली र नेपाल प्रहरीका एसएसपी विमलराज पौडेलको संयोजकत्वमा छुट्टाछुट्टै समिति गठन गरिएको छ । रासस

# जनकपुरधामका निजी विद्यालयको शुल्क सीमा निर्धारण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले आगामी शैक्षिक सत्र २०८३ का लागि उपमहानगरभित्र सञ्चालित संस्थागत विद्यालयहरूको मासिक शुल्कको अधिकतम सीमा निर्धारण गरेको छ ।

नगर शिक्षा समितिको जेठ १६ गते बसेको बैठकको निर्णयअनुसार विद्यालयको वर्गीकरणका आधारमा शुल्कको सिलिङ तय गरिएको हो ।

उपमहानगरपालिकाले जारी गरेको सूचनाअनुसार अब निजी विद्यालयहरूले तोकिएको सीमा भन्दा बढी शुल्क असुल गर्न पाउने छैनन् । विद्यालयलाई 'क', 'ख', 'ग' र 'घ' वर्गमा विभाजन गरी ईसीडीदेखि कक्षा १० सम्म फरक–फरक शुल्क सीमा निर्धारण गरिएको छ ।

निर्धारित व्यवस्थाअनुसार 'क' वर्गका विद्यालयले कक्षा १० सम्म मासिक अधिकतम ८ हजार रुपैयाँसम्म शुल्क लिन पाउनेछन् । अन्य वर्गका विद्यालयका लागि पनि न्यूनतम तथा अधिकतम शुल्कको सीमा तोकिएको उपमहानगरपालिकाले जनाएको छ ।

मासिक शुल्कबाहेक अन्य शीर्षकमा लिइने रकमसमेत नियमन गरिएको छ । विद्यालयले अतिरिक्त शुल्क लिनुपरे विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि–२०८१ र संस्थागत विद्यालय मापदण्ड निर्देशिका–२०८१ अनुसार मात्रै लिनुपर्ने व्यवस्था गरिएको छ ।

शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा निर्धारण गरिएको शुल्क संरचना अनिवार्य रूपमा लागू गर्न सबै संस्थागत विद्यालयलाई निर्देशन दिइएको छ ।

उपमहानगरपालिकाको यो निर्णयले निजी विद्यालयको शुल्क व्यवस्थापनमा एकरूपता ल्याउने तथा अभिभावकमाथि पर्ने आर्थिक भार केही हदसम्म कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# संघीय हिन्दू गणतन्त्र, ५ प्रदेश र मुस्लिम आयोग खारेजीको प्रस्ताव



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय एकता दलले संविधान संशोधनका लागि सरकारसमक्ष विभिन्न नीतिगत तथा संरचनागत सुधारका प्रस्तावहरू पेश गरेको छ । दलका केन्द्रीय अध्यक्ष विनय यादव नेतृत्वको टोलीले संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझावपत्र बुझाउँदै नेपालको राजनीतिक, प्रशासनिक, सामाजिक तथा सांस्कृतिक व्यवस्थामा व्यापक सुधार आवश्यक रहेको जनाएको हो ।

दलले नेपालको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई संस्थागत गर्न देशलाई 'संघीय हिन्दू गणतन्त्र' घोषणा गर्नुपर्ने प्रस्ताव अघि सारेको छ । साथै नेपालको मौलिक सनातन परम्पराभन्दा बाहिरका धर्म स्वीकार गरेका व्यक्तिहरूलाई प्रमुख संवैधानिक पदका लागि अयोग्य ठहर गर्ने व्यवस्था संविधानमा समावेश गर्नुपर्ने सुझाव दिएको छ । त्यस्तै, वर्तमान संविधानअन्तर्गत रहेको मुस्लिम आयोग खारेज गर्नुपर्ने माग पनि दलले गरेको छ ।

निर्वाचन प्रणालीतर्फ दलले संघीय तथा प्रादेशिक निर्वाचन क्षेत्र निर्धारण गर्दा भूगोलभन्दा जनसंख्यालाई मुख्य आधार बनाउनुपर्ने धारणा राखेको छ । स्थानीय तहलाई दलगत प्रभावबाट मुक्त राख्न स्थानीय निर्वाचन दलविहीन रूपमा सञ्चालन गर्नुपर्ने तथा वर्तमान मिश्रित निर्वाचन प्रणाली हटाई पूर्ण प्रत्यक्ष निर्वाचन प्रणाली लागू गर्नुपर्ने प्रस्ताव गरिएको छ । साथै मधेशी, जनजाति, दलित तथा महिलाका लागि विशेष निर्वाचन क्षेत्र आरक्षणको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ ।

राज्य संरचना सुधारअन्तर्गत राष्ट्रिय सभाका अध्यक्षता गर्न स्वतः उपराष्ट्रपतिको जिम्मेवारी दिने तथा राष्ट्रिय सभाको उपाध्यक्षमा अनिवार्य रूपमा फरक लिङ्गको सदस्य चयन गरिने संवैधानिक व्यवस्था गर्नुपर्ने सुझाव दलले दिएको छ ।

प्रदेश संरचनाको पुनरावलोकन गर्दै हालको सात प्रदेशलाई घटाएर बढीमा पाँच प्रदेश कायम गर्नुपर्ने प्रस्ताव पनि सुझावपत्रमा समावेश गरिएको छ । प्रस्तावित संरचनाअनुसार पूर्वी पहाड, पूर्वी मधेश, पश्चिमी पहाड र पश्चिमी मधेश प्रदेश रहने तथा काठमाडौँ उपत्यकालाई केन्द्र सरकार मातहत रहने विशेष केन्द्रशासित क्षेत्रका रूपमा विकास गर्नुपर्ने उल्लेख गरिएको छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रलाई पूर्ण रूपमा प्रदेश सरकारको अधिकार क्षेत्रभित्र राख्नुपर्ने, प्रदेश सरकारलाई मात्र प्रहरी परिचालनको अधिकार दिनुपर्ने तथा स्थानीय तहको अनुगमन गर्ने अधिकार प्रदेश सरकारलाई प्रदान गर्नुपर्ने सुझाव पनि दलले दिएको छ । त्यसैगरी जिल्ला समन्वय समितिलाई खारेज गरी प्रशासनिक खर्च कटौती गर्नुपर्ने माग गरिएको छ ।

आर्थिक व्यवस्थापनतर्फ दलले हाल साउन १ गतेदेखि सुरु हुने आर्थिक वर्षलाई परिवर्तन गरी वैशाख १ गतेदेखि चैत मसान्तसम्म कायम गर्नुपर्ने प्रस्ताव गरेको छ । यसले असारे विकासको प्रवृत्ति अन्त्य गर्न सहयोग पुग्ने दलको विश्वास रहेको छ ।

राष्ट्रिय एकता दलले प्रस्तुत गरेका सुझावहरू नेपालको मौलिक पहिचानको संरक्षण, प्रशासनिक खर्च कटौती, प्रदेश संरचनाको पुनर्संरचना, प्रत्यक्ष लोकतन्त्रको सुदृढीकरण तथा सुशासन प्रवद्र्धनमा केन्द्रित रहेको जनाएको छ । संविधान संशोधनको बहस तथा नीतिगत निर्णय प्रक्रियामा आफ्ना प्रस्तावहरूलाई गम्भीरतापूर्वक समेटिने अपेक्षा दलले व्यक्त गरेको छ ।

# सामाजिक सञ्जालमार्फत गुण्डागिरी गर्ने गिरोह पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा र सप्तरीमा विभिन्न समूह बनाउँदै आतंक फैलाउने समूहका सदस्यहरूलाई प्रहरीले पक्राउ गरेको छ । 'किङ अफ बालान', 'किङ अफ भगवानपुर', 'किङ अफ लहान' र 'किलर्स ब्रदर' जस्ता विभिन्न ग्रुप तथा ग्याङको नाममा सामाजिक शान्ति भङ्ग गर्न खोज्ने २५ जना व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरेको छ ।

ती ग्रुपहरूको नाममा टिकटक, फेसबुक तथा अन्य सामाजिक सञ्जालमा युवाहरूको समूह बनाई विभिन्न किसिमका गालीगलौज र धम्कीयुक्त भिडियो पोस्ट गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

यस्ता समूहमा आबद्ध युवाहरूले ट्राफिक नियमको पूर्ण उल्लङ्घन गरी बिना हेल्मेट, कागजपत्र साथमा नराखी तथा बिना नम्बर प्लेटको प्रत्येक मोटरसाइकलमा तीन÷चार जना सवार भएर राजमार्गमा हो–हल्ला गर्ने गरेका थिए ।

यसरी सामाजिक शान्ति भङ्ग गरी समाजमा आतङ्क मच्चाइरहेको अवस्थामा सिरहा–चोहर्वा सडक खण्डमा प्रहरीको नियमित चेकजाँचका क्रममा उनीहरू फेला परेका हुन् । पक्राउ पर्नेहरूमा सप्तरीको बलान बिहुल गाउँपालिकाका १२ जना, सिरहाको लहान नगरपालिकाका २ जना, विष्णुपुर गाउँपालिकाका ६ जना र भगवानपुर गाउँपालिकाका ५ जना गरी जम्मा २५ जना युवाहरू रहेका छन् । प्रहरीले उनीहरूको साथबाट २१ थान मोटरसाइकल समेत नियन्त्रणमा लिएको छ । पक्राउ परेका सबै युवाहरूलाई हिरासतमा राखी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# जनकपुरधाममा होटल पौवाको १९औँ शाखा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
होटल पौवाले आफ्नो १९औँ शाखा जनकपुरधाममा सञ्चालनमा ल्याएको छ । मिथिला सभ्यता, धार्मिक आस्था र सांस्कृतिक पहिचानको केन्द्रका रूपमा परिचित जनकपुरधाममा चारतारे स्तरको सुविधा सम्पन्न होटल सञ्चालनमा आएसँगै मधेश प्रदेशको पर्यटन तथा आतिथ्य क्षेत्रमा नयाँ आयाम थपिने अपेक्षा गरिएको छ ।

होटलको औपचारिक उद्घाटन जेठ २२ गते हुने तय गरिएको छ । उद्घाटन अवसरमा तीन दिनसम्म 'बृहत् खाना प्रवद्र्धन कार्यक्रम' आयोजना गरिने भएको छ । कार्यक्रममा होटल पौवाका विभिन्न शाखामा कार्यरत अनुभवी सेफहरूले नेपाली तथा अन्तर्राष्ट्रिय परिकारको विशेष प्रदर्शनी र स्वाद परीक्षण कार्यक्रम सञ्चालन गर्नेछन् ।

होटल पौवाका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले जनकपुरधाममा शाखा विस्तार गर्नु केवल व्यावसायिक लगानी नभई धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवद्र्धनसँग जोडिएको अभियान भएको बताए ।

उनका अनुसार जनकपुरधाम नेपालकै प्रमुख धार्मिक गन्तव्य भएकाले यहाँ गुणस्तरीय आवास र आतिथ्य सेवाको माग निरन्तर बढ्दै गएको छ । उनले जनकपुरधाममा चारतारे स्तरको होटल सञ्चालनमा आउनुलाई कम्पनीको विस्तार यात्राको महत्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरे ।अध्यक्ष भण्डारीले नेपाल–भारत धार्मिक सम्बन्ध, सीतारामको सांस्कृतिक विरासत र तीर्थयात्राको केन्द्रका रूपमा रहेको जनकपुरधाममा आधुनिक होटल पूर्वाधारले पर्यटन प्रवद्र्धन, स्थानीय रोजगारी सिर्जना तथा आर्थिक गतिविधि विस्तारमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरे ।

उनका अनुसार होटलमा ६२ वटा सुविधा सम्पन्न कोठा रहेका छन् । साथै स्विमिङ पुल, जिम, साउना, स्टिम, स्पा, आधुनिक रेस्टुरेन्ट तथा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका सेमिनार र सम्मेलन आयोजना गर्न सकिने हलहरू सञ्चालनमा आइसकेका छन् । होटलले नेपाली संस्कार, नेपाली स्वाद र अन्तर्राष्ट्रियस्तरको सेवाको संयोजनमार्फत पाहुनालाई फरक अनुभव दिने लक्ष्य लिएको जनाएको छ ।

होटल पौवाका उपाध्यक्ष ध्रुव न्यौपाने ले जनकपुरधामलाई केवल व्यापारिक गन्तव्य नभई धार्मिक र सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा हेरिएको बताए । उनले पछिल्ला वर्षहरूमा जनकपुरधाम आउने आन्तरिक तथा भारतीय पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेकाले गुणस्तरीय आवास सेवाको मागसमेत तीव्र बनेको धारणा राखे ।

# चुरे संरक्षणका लागि ऐन र कडा नीति ल्याउन सरकारसँग माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि सक्रिय अभियानकर्ताहरूले सरकारले तत्काल चुरे संरक्षणसम्बन्धी ऐन तथा नीति ल्याएर ढुंगा, गिट्टी र बालुवाको अनियन्त्रित उत्खनन रोक्न माग गरेका छन् ।

चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल ले सोमबार कृषि, वन तथा वातावरण मन्त्रालयमार्फत सरकारको ध्यानाकर्षण गराउँदै चुरे क्षेत्रको तीव्र विनाशले तराई–मधेशमा पानीको संकट, बाढी, भू–कटान तथा मरुभूमीकरणको जोखिम बढ्दै गएको जनाएको हो ।

अभियानका संयोजक सुनिल यादव, सह–संयोजक राजेश भण्डारी तथा महासचिव वासुदेव डल्लाकोटी सहितको टोलीले मन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा चुरे संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गरिएको छ ।

अभियानले जेठ १ गतेदेखि ११ गतेसम्म पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म यात्रा गरी चुरे क्षेत्रको अवस्थाबारे अध्ययन गरेको जनाएको छ । अध्ययनका क्रममा मधेश प्रदेशदेखि सुदूरपश्चिमका कैलाली र कञ्चनपुरसम्मका स्थानीयवासी चुरे क्षेत्रको क्षयीकरणबाट प्रत्यक्ष प्रभावित भइरहेको निष्कर्ष निकालिएको अभियानकर्ताहरूले बताएका छन् ।

ध्यानाकर्षण पत्रमा चुरेलाई तराई–मधेशको 'जीवनरेखा'का रूपमा व्याख्या गरिएको छ । चुरे क्षेत्रले भू–जल पुनर्भरण, खानेपानी, सिँचाइ तथा कृषि उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै यसको संरक्षण नगरे तराई क्षेत्रमा पानीको अभाव झन् गम्भीर बन्ने चेतावनी दिइएको छ ।अभियानकर्ताहरूले चुरे वातावरणीय संरक्षण क्षेत्रलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुरे संरक्षण गुरुयोजना तत्काल स्वीकृत गर्नुपर्ने माग गरेका छन् । साथै चुरे–तराई अन्तरसम्बन्धलाई आधार बनाएर संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा चुरे क्षेत्रमा व्यापक रूपमा पोखरी निर्माण गरी पानी संरक्षण अभियान अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी वन विनाश, डढेलो, चरिचरन, अवैध रुख कटानी तथा जथाभावी सडक निर्माण रोक्न, सञ्चालनमा रहेका क्रसर उद्योगलाई कडाइका साथ नियमन गर्न र व्यावसायिक उत्खनन स्थायी रूपमा बन्द गर्न पनि सरकारसँग आग्रह गरिएको छ ।

अभियानले आफ्ना मागप्रति सरकार गम्भीर नभए थप सशक्त आन्दोलन र खबरदारीका कार्यक्रम सञ्चालन गरिने चेतावनीसमेत दिएको छ ।

# धवलले नयाँ पार्टी खोल्ने, दुर्गा प्रसाईंलाई वरिष्ठ नेताको प्रस्ताव

**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट अलग हुने घोषणा गरेका डा. धवल शम्शेर राणाले दुर्गा प्रसाईंसँग मिलेर नयाँ पार्टी निर्माण गर्दै छन् । पार्टीको नाम तय भइसकेको छैन ।

आउँदो २१ जेठमा धवलको समूहले पार्टीबाट सामूहिक राजीनामाको घोषणा गर्ने तयारी छ । त्यसपछि नयाँ पार्टी गठनको गृहकार्य सघन हुने बताइएको छ । १८ जेठमै सामूहिक राजीनामा दिने तयारी गरिएको भए पनि तीन दिन पछाडि सारिएको हो ।

नयाँ पार्टीको खाकामा प्रमुख नेताहरुले काम गरिरहेका छन् । राजसंस्था पुनस्र्थापना र राष्ट्रियता सम्वद्र्धनलाई प्रमुख एजेन्डाका रुपमा अघि बढाइने छ ।

अहिले डा. राणा राप्रपाबाट बढीभन्दा बढी नेताहरुलाई आफूतिर तान्ने कसरतमा रहेका छन् । केही केन्द्रीय सदस्यहरुले सामूहिक राजीनामाका लागि हस्ताक्षरसमेत गरिसकेको बुझिएको छ । हस्ताक्षर अभियान देशभरि नै गर्ने गरी राजीनामापत्रको मस्यौदा तलसम्म पठाइदै छ ।

नयाँ पार्टीको नेतृत्व धवल शम्शेरले गर्ने छन् भने दुर्गा प्रसाईंलाई वरिष्ठ नेता बनाउने तयारी रहेको स्रोतले बतायो । 'रास्वपामा रवि र बालेनजस्तो यो पार्टीको नेतृत्व धवल शम्शेरले गर्नुहुनेछ भने वरिष्ठ नेतामा दुर्गा प्रसाईंलाई प्रस्ताव गरिएको छ', स्रोतले भन्यो ।

नयाँ पार्टीमा राजसंस्थाको एजेन्डामा काम गरिरहेका सबै अभियन्ताहरुलाई समेट्ने राणाले योजना बनाएका छन् । सबैसँग सम्वाद पनि भइरहेको जनाइएको छ । नयाँ पार्टीको घोषणा कहिले हुन्छ ? भन्ने निधो भइसकेको छैन ।

अहिले मलमास चलिरहेको हुँदा शुभकार्यको घोषणा गर्न उपयुक्त नहुने केही नेताहरुले बताएका छन् । राणा पनि धेरै हतार गर्ने पक्षमा छैनन् । बढीभन्दा बढी नेताहरुलाई जुटाउनेमा उनको प्राथमिकता छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन